# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
## CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

*ग्रामीण विकासको आधार*
*लघुवित्तको गुणात्मक विस्तार . . .*



# १७ औं वार्षिक प्रतिवेदन
## २०७४/७५

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

मध्यवानेश्वर, काठमाण्डौं

## सञ्चालक समिति



**विश्वमित्र श्रेष्ठ**
अध्यक्ष
प्रतिनिधिः सर्वसाधारण शेयरधनी



**अनुप मास्के**
सञ्चालक
प्रतिनिधिः हिमालयन बैंक लि.



**कर्ण बहादुर घले**
सञ्चालक
प्रतिनिधिः सर्वसाधारण शेयरधनी



**ऋषि राज जोशी**
सञ्चालक
प्रतिनिधिः सर्वसाधारण शेयरधनी



**रीता पन्त**
स्वतन्त्र सञ्चालक



**रेणु कार्की**
सञ्चालक
प्रतिनिधित्वः व्यक्तिगत शेयरधनी (संस्थापक)



**मनोज कुमार यादव**
सञ्चालक
प्रतिनिधिः नबिल बैंक लि.



**रामचन्द्र जोशी**
प्रमुख कार्यकारी अधिकृत



# स्वर्गीय डा. ठाकुरनाथ पन्त

**संस्थापक तथा पूर्व सल्लाहकार**
छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

**डा. ठाकुरनाथ पन्त एक कुशल प्रशासक, देशको प्रसिद्ध अर्थविद् एवं शिक्षाप्रेमी तथा निस्वार्थ समाजसेवी हुनुकासाथै आफ्नो आम्दानीको केही अंश समेत विपन्न वर्गहरूको शिक्षा स्वास्थ्य तथा सामाजिक जनचेतना जस्ता चौतर्फी विकासको अभिवृद्धिमा सदा तत्पर व्यक्तित्वको रूपमा परिचित हुनुहुन्थ्यो ।**

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

## परिचय

मिति २०५८ साल भाद्र महिनाको २८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई स्थापना भएको यस छिमेक लघुवित्त वित्तीय सस्थाले देशका ७७ मध्ये ६७ वटा जिल्लामा १३४ वटा शाखा मार्फत् लघुवित्त सेवा प्रदान गरिरहेको छ । **"ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार"** भन्ने मुलमन्त्रका साथ अघि बढेको यस वित्तीय संस्थाले विना भेदभाव आफ्नो कार्यक्षेत्र भित्रका विपन्न तथा पिछडिएका घरपरिवारका महिलाहरुलाई विनाधितो तथा धितोमा कृषि, पशुपालन लगायत आयस्तर वृध्दि गर्न सहयोग पुग्ने विभिन्न व्यवसाय संचालनको लागि कर्जा दिदैं आईरहेको छ । यस वित्तीय सस्थाबाट २०७५ फाल्गुण मसान्त सम्ममा ३,६४,९६८ जना सदस्यहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन । वित्तीय क्षेत्रका अनुभवि व्यक्तिहरु यस वित्तीय संस्थाको संस्थापक रहेका छन् । यस वित्तीय संस्थाले नेपालका विपन्न तथा गरिब घर परिवारका महिलाहरुलाई सचेत गराउँदै उनीहरुमा रहेको सीप र क्षमताको आधारमा कर्जा दिने एवं बचत गर्ने बानीको विकास गरी भविष्य सुरक्षित बनाउने दिशातर्फ उन्मुख रहेको छ । वित्तीय संस्थाले आफ्ना सदस्यहरुलाई वित्तीय सेवामात्र नभई समय समयमा विभिन्न किसिमका सीपमूलक तालिम दिने, सदस्यहरुको बालबच्चाहरुको शिक्षाका लागि छात्रवृत्तिको व्यवस्था एवं छिमेक एकेडेमीको स्थापना, सदस्यद्वारा उत्पादित सामानलाई बजारसम्म पुऱ्याउनको लागि सदस्यहरुद्वारा नै बिक्रि केन्द्रको समेत स्थापना गरिएको छ । कृषि सम्बन्धी व्यवसायिक तालिमको लागी चितवन स्थित पिठुवामा तालिम केन्द्रको स्थापना गरी वित्तीय संस्थाले सदस्यहरुलाई आत्मनिर्भर बनाउनको लागि हर सम्भव प्रयास गर्दै आईरहेको छ । यस वित्तीय संस्थाको कार्यक्षेत्र तथा प्रमुख प्रवर्धक शेयरधनीहरु निम्न अनुसार रहेका छन् ।

**हाल कायम शेयर स्वामित्व** :

| क्र.स. | शेयरधनीको नाम | शेयर वाँडफाँड | | | शेयर प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | संस्थापक | सर्व साधारण | कुलशेयर | | |
| १. | छिमेक समाज सेवा संस्था | ८९९६२५ | ३००१३० | १,१९९,७५५ | १२.०० | |
| २. | नविल बैंक लिमिटेड | ८७३०५१ | ३२५२४९ | १,१९८,३०० | ११.९८ | |
| ३. | हिमालयन बैंक लिमिटेड | ८७३०५१ | ३२५२४९ | १,१९८,३०० | ११.९८ | |
| ४. | बैंक अफ काठमाण्डौं लिमिटेड | ८७३०५१ | २२५२४९ | १,०९८,३०० | १०.९८ | |
| ५. | निजि प्रबर्द्धक शेयर होल्डर | १,५८१,२२२ | २८९,०७३ | १,८७०,२९५ | १८.७० | |
| ६. | सर्व साधारण शेयर होल्डर | | ३,४३५,०५० | ३,४३५,०५० | ३४.३५ | |
| | **जम्मा** | **५१०००००** | **४,९००,०००** | **१०,०००,०००** | **१००.००** | |

**कार्यक्षेत्र :** नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय स्तरमा कार्यगर्न स्वीकृत प्राप्त गरी हाल निम्न जिल्लाहरुमा आफ्नो कार्यक्रम विस्तार गर्दै आएको छ ।(१)भोजपुर (२)धनकुटा (३) इलाम (४) झापा (५) खोटाङ्ग (६) मोरङ्ग (७) ओखलढुङ्गा (८) पाँचथर (९) संखुवासभा (१०) सोलुखुम्बु (११)सुनसरी (१२) ताप्लेजुङ्ग (१३) तेह्रथुम (१४) उदयपुर (१५) बारा (१६) धनुषा (१७) महोत्तरी (१८) पर्सा (१९) रौतहट (२०) सप्तरी (२१) सर्लाही (२२) सिराहा (२३) भक्तपुर (२४) चितवन (२५) धादिङ्ग (२६) दोलखा (२७) काभ्रे (२८) मकवानपुर (२९) नुवाकोट (३०) रामेछाप (३१) रसुवा (३२) सिन्धुली (३३) सिन्धुपाल्चोक (३४) बाग्लुङ्ग (३५) गोरखा (३६) कास्की (३७) लमजुङ्ग (३८) म्याग्दी (३९) नवलपुर (४०) पर्वत(४१) स्याङ्गजा (४२) तनहुँ (४३) अर्घाखाँची (४४) बाँके (४५) बर्दिया (४६) दाङ्ग (४७) गुल्मि (४८) कपिलवस्तु (४९) नवलपरासी (५०) पाल्पा (५१) प्युठान (५२) रोल्पा (५३) रुपन्देही (५४) दैलेख (५५) जाजरकोट (५६)जुम्ला (५७) पश्चिम रुकुम (५८) पुर्व रुकुम (५९) सल्यान (६०) सुर्खेत (६१) अछाम (६२) बैतडी (६३) बाजुरा (६४) डडेलधुरा (६५) डोटी (६६) कैलाली (६७) कञ्चनपुर ।

**वित्तीय संस्थाबाट उपलव्ध गराइएका सेवाहरु :** कर्जा, वचत, सुरक्षण, विप्रेषण सेवा र व्यवसायीक तालिम ।

**लक्षित वर्ग** :

१.५ विघा भन्दा कम असिंचित जग्गा भएका, कच्ची वा फुसको घर भएका वा बढिमा ४ कोठा भन्दा कमको पक्कि घर भएका, खरिदार वा सो भन्दा मुनिका रोजगारवाला, वार्षिक आम्दानि रु.५५,०००/- भन्दा बढि नभएका व्यक्तिहरु यस वित्तीय संस्थाको लक्षित वर्ग भित्र पर्दछन् ।

कम्पनी दर्ता नं. : ८००/२०५८/५९ ईजाजत पत्र नं.: ने.रा. बैंक घ/३/२०६२/६३

# छिमेक लघुवित्त वितीय संस्था लिमिटेड
# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय, काठमाण्डौं-३१, नयाँबानेश्वर
फोन ०१-४४९०५१३, ४४६४८५२, फ्याक्स ०१-४४६५७८५

## १७ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यहि मिति २०७६/०१/०६ गते बसेको संचालक समितिको २२७ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको १७ औं बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति :** २०७६/०१/३० गते सोमबार (तदनुसार १३ मे, २०१९)

**समयः**बिहान १०.३० बजे ।

**स्थान**: मकवानपुरको हेटौंडा स्थित होटल सामना प्रा.लिको सभा हल ।

**छलफलका विषयहरुः**

१. **सामान्य प्रस्ताव**

(क) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(ख) लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७४/०७५ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तिय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने ।

(ग) बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५/०७६ का लागी लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठ ऐन बमोजिम पुनःनियुक्त हुन सक्नुहुनेछैन ।)

(घ) संचालक समितिले सिफारिस गरे बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्ता पूँजीको २२ प्रतिशतले हुनआउने रकम रु.२२,००,००,००० (अक्षरेपी वाईस करोड मात्र) नगद लाभांश (वोनश शेयरमा लाग्ने कर समेत) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

(ङ) यस वित्तीय संस्थाका अध्यक्ष एवं संचालक वित्तीय संस्थाको कामको शिलाशिलामा स्वदेश भ्रमण गर्दा रु.२२०० दैनिक भ्रमण भत्ता, वास्तविक बिल बमोजिमको यातायात खर्च र लजिङ्ग खर्च उपलब्ध गराउन स्विकृत गर्ने ।

(च) यस वित्तीय सस्थाको आन्तरिक समिति/उपसमितिको बैठकमा उपस्थित हुने संचालकलाई बैठक भत्ता उपलब्ध गराउने एंव यस्तो भत्ता संचालक समितिको बैठकमा उपस्थित हुँदा पाउने बैठक भत्ता बराबर हुनेगरी स्विकृत गर्ने ।

२. **विषेश प्रस्ताव**

(क) संचालक समितिबाट सिफारिश भए बमोजिम आ.व.२०७४/०७५ को मुनाफाबाट हाल कायम चुक्तापूँजीको १८% का दरले हुनआउने रकम रु.१८,००,००,०००.०० (अक्षरेपी अठार करोड रुपैया मात्र) बराबरको वोनश शेयर जारी गरि वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजीरु.१,१८,००,००,०००.०० (अक्षरेपी एक अर्व अठार करोड रुपैया मात्र) पुऱ्याउने सम्बन्धि प्रस्ताव स्विकृत गर्ने ।

(ख) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा/नियमहरुको संशोधन स्विकृत गर्ने तथा उक्त प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक संशोधन/परिमार्जन गर्न संचालक समिति (वा संचालक समितिले तोकेको पदाधिकारी) लाई अधिकार दिने ।

**३. विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :**

१. **शेयरधनी दर्ता किताब बन्द रहने :** १७औं बार्षिक साधारण सभा तथा लाभांश प्रयोजनका लागि वित्तीय संस्थाको शेयर दाखिल खारेज यही मिति २०७६/०१/१६ देखि २०७६/०१/३० गते सम्म बन्द रहनेछ। शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै अर्थात् मिति २०७६/०१/१५ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा कारोबार भई तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा शेयर नामसारीको लागि प्राप्त विवरणका आधारमा कायम रहेका शेयरधनीहरु यस साधारण सभामा भाग लिन तथा लाभांश पाउन योग्य हुने व्यहोरा सर्वसाधारण सबैको जानकारीको लागि सुचित गरिन्छ।

२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण वा परिचय खुल्ने कुनै आधिकारीक प्रमाणपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ। वित्तीय संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा वित्तीय संस्थाको आधिकारीक पत्र पेश गर्नुपर्नेछ।

३. १७औं वार्षिक साधारण सभाको प्रतिवेदन शेयरधनीहरुको ठेगानामा हुलाक/कुरियर वा अन्य कुनै माध्यमबाट पठाइनेछ। कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले यस वित्तीय संस्थाको वेबसाईटमा पनि हेर्न सक्नुहुनेछ। साथै, वित्तीय संस्थाको केन्द्रीय कार्यालय, मध्यबानेश्वर वा वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लि., नागपोखरी र सभा हुने दिन सभा स्थलबाट समेत प्राप्त गर्न सक्नु हुनेछ।

४. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता कितावमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन।

५. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभाहुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ।

६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा वित्तीय संस्थाको शेयरधनीहरुलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन मिति २०७६/०१/२८ गते बिहानको १०:३० बजे (अर्थात् सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै) भित्र वित्तीय संस्थाको मध्ये बानेश्वर-३१, काठमाण्डौ स्थित केन्द्रीय कार्यालय वा हेटौंडा, मकवानपुर स्थित कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।

७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा संचालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछन्।

८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्था सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनु भन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनु हुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।

९. अन्य थप जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडको
# १७ औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस छिमेक लघुवित्त वित्तीय संस्थाको १७औं वार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, विभिन्न कार्यालयबाट प्रतिनिधित्व गरिपाल्नु भएका महानुभावहरु, पत्रकार एवं अन्य आमन्त्रित अतिथि महोदयहरुलाई वित्तीय संस्थाको संचालक समितिको तथा मेरो व्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत गर्न पाउँदा मलाई निकै खुसी लागेको छ । लघुवित्त कार्यक्रममार्फत् विपन्नवर्गको जीवनस्तर उठाउने उद्देश्यका साथ २०५८ सालमा स्थापित यस छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्नो उद्देश्य अनुरुपको सफलता प्राप्तगर्दै आएको कुरा सगौरव राख्न चाहन्छु । अब म यस साधारण सभाको अवसरमा यहाँहरु समक्ष आ.व.२०७४/७५ मा वित्तीय संस्थाले हाँसिल गरेका देहाय बमोजिमको प्रतिवेदन संचालक समितिको तर्फवाट प्रस्तुत गर्ने अनुमति माग्दै समर्थनको लागि अनुरोध गर्दछु ।

## (क) वित्तीय संस्थाको गत वर्षको कारोवारको सिंहावलोकन :

स्थापनाकाल देखि नै वित्तीय संस्थाले सदस्यहरुलाई केन्द्रविन्दूमा राखेर गरेको सेवाको प्रतिफल स्वरुप आफ्नो १७ बर्षे यात्रा सफलताका साथ सम्पन्न गर्दै लघुवित्त क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको कुरा यहाँहरु समक्ष राख्न पाउँदा म अत्यन्त हर्षित छु । यस समिक्षा बर्षमा यहाँहरुको वित्तीय संस्थाको संचालन मुनाफा रु. १ अर्ब ५ करोड ७३ लाख ९७ हजार १२ रुपैया रहेको छ भने खुद मुनाफा रु.६६ करोड ६६ लाख १० हजार ९ सय ९८ रुपैंया भएको छ । गत आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा वित्तीय संस्थाको खुद मुनाफामा रु.९ करोड ८ लाख ३ हजार १८ रुपैया अर्थात् १५.७७ प्रतिशतले वृद्धि भएको छ । वित्तीय संस्थाको वासलात तर्फ हेर्दा गत आर्थिक वर्षमा लगानीमा रही रहेको खुदऋण रकम रु.१२ अर्व ३८ करोड २२ लाख ७७ हजार ७५ रहेकोमा समिक्षा वर्षमा यो रकम रु. १६ अर्व ४० करोड ७६ लाख ९६ हजार ७ सय ४४ पुगेको छ । जुन गतवर्षको भन्दा ३२.५१ प्रतिशतले वढि हुन आउँछ । निक्षेप तर्फ गतवर्ष रु.९ अर्व ६ करोड ८३ लाख ११ हजार ३ सय ७८ भएकोमा समिक्षा अवधिमा रु.११ अर्व ९२ करोड ९६ लाख ७१ हजार ५ सय ७८ पुगेको छ । जुन गतवर्ष भन्दा ३१.५५ प्रतिशतले वृद्धि भएको छ । यस वित्तीय संस्थालाई ऋण लगानीको लागि आवश्यक पर्ने रकम विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट समेत उपलब्ध हुने गरेको छ । यसरी विभिन्न बैंक तथा वित्तिय संस्थाहरुबाट लिएको ऋण गतवर्ष ३ अर्व ९३ करोड ३ लाख ९३ हजार ७ सय २८ रुपैंया रहेको थियो भने समिक्षा बर्षमा ४ अर्व ४३ करोड २६ लाख २१ हजार ६ सय ७५ भएको छ । जुन गत वर्षको तुलनामा १२.७८ प्रतिशतले मात्र बढि हुनआउँछ । सदस्यहरुको हित सर्म्वधनका लागि खोलिएको छिमेक बजार व्यवस्था कम्पनी लि., सेन्टर फर माईक्रोफाईनान्स, छिमेक एकाडेमि र नेपाल फिनसफ्ट कम्पनिमा गरी कुल ८२ लाख रुपैयाँको शेयर लगानी गरिएको छ ।

### (१) समिक्षा अवधिमा राखिएको लक्ष्य र त्यसमा भएको प्रगति : ०७४/०७५

समिक्षा अवधिको अन्त्य सम्ममा कुल ३ लाख ५४ हजार ४ सय ३३ जना सदस्य पु¥याउने लक्ष्य राखिएकोमा कूल ३ लाख ४७ हजार ८ सय ४९ जना सदस्य पुगेको छ जुन लक्ष्य भन्दा १.८६ प्रतिशतले कम रहेको छ । लगानीमा रहिरहेको ऋण रु.१७ अर्व १६ करोड ४१ लाख ७५ हजार ३ सय ६८ पु¥याउने लक्ष्य राखिएकोमा समिक्षा बर्षमा रु. १६ अर्ब ४० करोड ७६ लाख ९६ हजार ७ सय ४४ पुगि ४.४१ प्रतिशतले लक्ष्य भन्दा कम प्रगति भएको छ । निक्षेप तर्फ कुल रु.११ अर्ब ४१ करोड ४१ लाख २५ हजार २ सय ७६ रुपैया पु¥याउने लक्ष्य राखिएकोमा समिक्षा वर्षमा कुल निक्षेप रु.११ अर्व ९२ करोड ९६ लाख ७१ हजार ५ सय ७८ पुगि ४.५२ प्रतिशतले लक्ष्य भन्दा बढी प्रगति हासिल भएको छ । त्यसैगरी संचालन मुनाफा तर्फ रु.९२ करोड ३९ लाख ३८ हजार ७ सय ९३ रुपैंया पु¥याउने लक्ष्य राखिएकोमा समिक्षा वर्षमा रु.१ अर्व ५ करोड ७३ लाख ९७ हजार १२ रुपैंया हुनगई १४.४४ प्रतिशतले लक्ष्य भन्दा बढि प्रगति भएको छ ।

### (२) आर्थिक वर्ष २०७५/०७६ मा राखिएको अनुमानित लक्ष्य :

चालू आ.व.२०७५/०७६ को अन्तसम्ममा ४१ हजार ३ सय २ जना सदस्य थप गरी कुल सदस्य संख्या ३ लाख ८९ हजार १ सय ५१ जना पु¥याउने लक्ष्य रहेको छ । लगानीमा रहिरहेको ऋण २१ अर्व १५ करोड ४६ लाख २६ हजार ३ सय ९५ पु¥याउने लक्ष्य लिइएको छ भने कुल निक्षेप रु.१५ अर्व ७२ करोड १० लाख ९१ हजार ६७ रुपैंया पु¥याउने लक्ष्य लिइएको छ । चालु आर्थिक वर्षको अन्त्यसम्ममा कुल संचालन मुनाफा १ अर्ब ८ करोड १९ लाख १९ हजार २ सय ३० रुपैया र खुद मुनाफा ६८ करोड ५० लाख पु¥याउने लक्ष्य राखिएको छ ।

### (३) वित्तीय संस्थाको शाखा विस्तार

समिक्षा वर्षमा १२६ वटा शाखा पु¥याउने लक्ष रहेकोमा १२८ वटा शाखा रहेको छ । चालु वर्षको अन्त्यसम्ममा ६ वटा शाखा थप गरि १३४ वटा शाखा पु¥याउने लक्ष्य रहेकोमा हालसम्म ६ वटा थप गरी शाखा संख्या १३४ वटा पु¥याई सकिएको छ । यसै समिक्षा बर्ष र चालु आ.व.मा उन्नती र सक्षम प्रोजेक्ट संगको सहकार्यमा दुर्गम क्षेत्रमा लघुवित्त सेवा पु¥याउने उद्देश्यका साथ समिक्षा बर्षमा ७२ वटा डिजिटल प्वाइन्टको स्थापना गरिएको थियो भने चालु वर्षको अन्त्यसम्ममा ३ वटा डिजिटल प्वाइन्ट थप गरि ७५ वटा पु¥याउने लक्ष्यरहेकोमा ७ वटा  थप गरि ७९ वटा डिजिटल प्वाइन्ट संचालनमा रहेको छ । वित्तीय संस्थाले कार्यक्रम विस्तार

गर्दा लघुवित्त सेवाबाट बन्चित घरपरिवारलाई समेट्ने उद्देश्य अनुरुप दुर्गम पहाडी क्षेत्रलाई प्राथमिकतामा राखि शाखा कार्यालय एवं डिजिटल प्वाईन्ट खोलिएको छ ।

**(४) कर्मचारी, सदस्य तालिम तथा वृति विकास :**

यस वित्तीय संस्थामा कार्यरत कर्मचारी एवं यसमा आवद्ध सदस्यहरु नै वित्तीय संस्थाका आधार स्तम्भ भएकोले कर्मचारी एवं सदस्यहरुलाई आवश्यकता अनुसार विभिन्न किसिमका क्षमता अभिवृध्दि तथा सिप विकास तालिमहरु उपलब्ध गराउँदै आएको छ। यस समिक्षा वर्षमा ४३८ जना कर्मचारीहरुलाई आन्तरिक तथा बाह्य तालिम, गोष्ठी तथा सम्मेलनहरुमा सहभागि गराईएको थियो भने ७,७९८ जना सदस्यहरुलाई विभिन्न किसिमका आयमुलक एवं सिपमूलक व्यवसायीक तालिम दिईएको थियो । त्यस्तै यस वित्तीय संस्थामा कार्यरत ५०५ जना सहयोगी सदस्य/डिजिटल महिलाहरुलाई क्षमता अभिवृध्दि एवं वित्तीय साक्षरता सम्बन्धि तालिम दिइएको छ ।

**(५) प्रविधि विकास :**

यस वित्तीय संस्थामा Online Software System बाट तथ्यांक केन्द्रीकृत गर्नुका साथै दैनिक कारोवारको अभिलेख चुस्त दुरुस्त राखि अनुगमन प्रणालीलाई प्रभावकारी बनाईएको छ। समिक्षा बर्षमा सबै डिजिटल प्वाईन्टहरुमा ट्याबलेट मार्फत् कारोबार संचालन गरी सदस्यहरुलाई भरपर्दो, छिटो, छरितो सेवा दिने गरिएकोमा चालु बर्षमा सबै शाखा कार्यालयहरुमा ट्याबलेटको प्रयोग गरी कारोबार गर्ने उद्देश्यले कर्मचारी एवं सहयोगी सदस्यहरुलाई ट्यावलेट संचालन सम्बन्धि तालिम दिई तयारी अवस्थामा राखिएको छ। ट्याबलेट खरीद प्रक्रिया पनि अन्तिम चरणमा रहेको छ। जसले गर्दा आगामी दिनमा कागजी कामको झन्झटिलो प्रक्रियालाई विस्थापित गर्नेछ भने कर्मचारीहरुको उत्पादकत्वमा समेत वृद्धी हुनेछ । शाखाहरुमा ट्याबलेटको प्रयोग संगै एसएमएस Alert को सेवा शुरुवात गरिएको छ जसले गर्दा सदस्यहरुलाई पनि प्रविधिसँग अभ्यस्त बन्ने एवं पारदर्शी र छिटो छरितो सेवा पाउने वातावरण बनेको छ । वित्तीय सस्थाले श्रव्य दृश्य मार्फत सदस्यहरुलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान दिने एवं व्यवसाय संचालनमा सहयोग पुग्ने किसिमका सूचनाहरु दिने उद्देश्यले श्रव्य दृश्य समाग्री Display को लागि प्रत्येक शाखा कार्यालयहरुमा टेलिभिजनको व्यवस्था गर्न लागिएको छ । त्यस्तै जनशक्ति व्यवस्थापन विभाग अर्न्तगतका कामहरुलाई चुस्त र अद्यावधिक बनाउनका लागी HR Software प्रयोगमा ल्याईएकोछ। Fixed Asset र अन्य Inventory को मौज्दात अवस्थाको जानकारीको लागी Inventory software लाई यसै चालु बर्षमा प्रयोगमा ल्याउनका लागी प्रक्रिया अगाडी बढाइ सकेको छ ।

**(६) तलव तथा सुविधा सम्बन्धमा :**

समिक्षा आ.व.२०७४/७५ मा पनि Basic Salary मा ७.९३ प्रतिशत र भत्तामा २३.८१ प्रतिशतले बृद्धि गरीएको थियो । कर्मचारी र सहयोगी सदस्यकोहरु तलब भत्ता वृध्दिका साथै यस अघि उपलब्ध गराउँदै आएका सुविधाहरुमा यस चालू आ.ब मा दुर्घटना बिमाको बिमाङ्क रकममा पनि वृध्दि गरिएको छ। ज्यालादारी र करार कर्मचारीहरुको हितका लागी पारिश्रमिकको ८.३३ प्रतिशतले हुन आउने रकम उपदान शिर्षकमा चालु आ.व. देखि प्रोभिजन गर्ने व्यवस्था गरिएको छ । यसबाट कर्मचारीहरु, सहयोगी सदस्यको मनोबल बढ्न गई वित्तीय संस्थाको उद्धेश्य प्राप्तिमा थप टेवा पुग्ने विश्वास लिईएको छ ।

**(७) रेमिटान्स (विप्रेषण) सेवा :**

वित्तीय संस्थाले बाह्य एवं आफ्नै आन्तरिक रेमिटेन्सको माध्यमबाट विभिन्न शाखाहरु मार्फत् रकम पठाउने र भुक्तानी दिने व्यवस्था गरेको छ।

**(८) चुक्ता पुंजीमा वृद्धि :**

रु.७० लाख चुक्ता पुँजीबाट स्थापना भएको यस वित्तीय संस्थाको कुल चुक्ता पुँजी १ अर्ब रहेकोमा यसै चालु वर्षमा आफ्ना शेयरधनीहरुलाई सोही पुँजीमा वित्तीय संस्थाको २०७४/७५ को मुनाफाबाट १८ प्रतिशत वोनश शेयर दिई कुल चुक्ता पुँजी १ अर्ब १८ करोड पुर्‍याउने योजना अनुसार यस साधारण सभामा सोहि बमोजिमको वोनश शेयर प्रस्ताव गरिएको छ।

**(९) राजश्वमा योगदान :**

चालु आ.व.२०७४/७५ मा यस वित्तीय संस्थाले नेपाल सरकारलाई संस्थागत आयकर वापत रु.२९,४६,५९,०१२.३८, निक्षेपकर्ताहरुको व्याजकर वापत रु. १,५१,८०,७८१, कर्मचारीहरुको पारिश्रमिक आयकर वापत रु.२,९४,५१,६०३.१९, वित्तीय संस्थाले भाडामा लिएको घरहरुको बहालकर वापत रु.२४,०१,४६४.८६ तथा अन्य विभिन्न श्रोतमा करकट्टि वापत जम्मा रु.२,०१,७२,३६९.९२ गरि कुल रु.३६,१८,६५,२३१.३५ राजश्वमा योगदान गरेको छ । नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंले सातौ राष्ट्रिय कर दिवस, २०७५ को अवसरमा आ.व. २०७३/७४ मा सहकारी तथा लघुवित्त मध्ये सवैभन्दा बढी आयकर दाखिला गरेवापत यस वित्तीय संस्थालाई कदर स्वरुप सम्मान पत्र प्रदान गरेको छ।

**(१०) ग्राहक संरक्षण नीति एवं अन्य महत्वपुर्ण गतिविधिः**

आफ्ना सदस्य/ग्राहकहरुको हित तथा संरक्षणका लागी अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) स्थापना गरि सो सम्बन्धी छुट्टै ग्राहक संरक्षण कोष निर्देशिका तयार गरि विभिन्न किसिमका सुविधाहरु उपलब्ध गराउँदै आएको छ। साथै ग्राहक

संरक्षण कोष अर्न्तगत यस समिक्षा वर्षमा जम्मा रु.१५,६३,०८,७१८.३५ (अक्षरेपि पन्ध्र करोड त्रिसठ्ठि लाख आठ हजार सात सय अठार पैसा पैतिंस मात्र) खर्च भएको छ । उक्त कोष अन्तर्गत उपलब्ध गराईएको सुविधा एवं रकमको विवरण निम्न अनसुार रहेकोछ ।

| खर्चका शिर्षकहरु | संख्या | रकम | कैफियत |
|---|---|---|---|
| छिमेकमा मात्र बसेका सदस्यहरुलाई प्रोत्साहन रकम | ४१७६८ | २,६८,०६,०१४ | |
| सदस्य तथा सदस्यको अभिभावकको मृत्यु हुँदा सहयोग | ३३८९ | ६,०९,५०,४३० | |
| सदस्य सुत्केरी खर्च भुक्तानी | ११५५९ | २,३२,०८,००० | |
| सदस्यको छोरछोरीलाई छात्रवृत्ति | १२३० | २२,३४,७१८.०० | |
| सदस्यको व्यवशाय प्रवर्द्धन तथा कल्याणकारी खर्च | | ८५,७६,५५०.०० | |
| सदस्य तालिम तथा अवलोकन खर्च | | १,३१,२८,७४८.८९ | |
| ईकाइ भेला तथा अभिभावक भेला | | ८४,१५,३६०.६७ | |
| हाम्रो छिमेक हाम्रो कोष | | ५३,०८,०७०.०० | |
| अनुशासित सदस्य भलाई कोष | | ४०,३३,८२५.०० | |
| स्व–अनुशासन सदस्य कार्यक्रम | | ३६,४७,००१.७४ | |
| **जम्मा ग्राहक संरक्षण खर्च** | | **१५,६३,०८,७१८.३०** | |

- यस वित्तीय संस्थामा आवद्ध सदस्यहरुको छोराछोरीहरुलाई गुणस्तरिय शिक्षा प्रदान गर्ने उद्देश्यले छिमेक समाज सेवा सस्था र यस वित्तीय सस्थाको लगानीमा बारा जिल्लाको सिमरामा छिमेक एकाडेमी स्थापना गरिएकोछ । हाल कक्षा ८ सम्म संचालित यस स्कूलमा कुल ३४० जना विधार्थीहरु अध्ययनरत छन् । जस मध्ये १३० जना विद्यार्थी छात्रवृत्तीमा अध्ययन गरिरहेका छन् ।
- यस वित्तीय संस्थाले हरेक शाखाका उत्कृष्ट १० वटा इकाईलाई नगद पुरस्कार, प्रमाणपत्र ,उत्कृष्ट १० वटा ईकाईका १० जना छात्राहरुलाई छात्रवृत्ति एवं ३ जना सफल व्यवसायिलाई प्रमाणपत्र र नगद पुरस्कार उपलब्ध गराउँदै आएको छ ।
- ऋणको दोहोरोपनालाई निरुत्साहित गर्न, सदस्य Dropout out कम गर्न, छिमेकमा मात्र बस्ने सदस्यहरुको लागि विशेष सुविधा अर्न्तगत कर्जा सिमामा वृध्दि, ब्याजमा छुट, प्रोत्साहन रकम, निशुल्क व्यवसायिक तालिम जस्ता सुविधाहरु दिदैं आईरहेको छ ।
- चालू आ.ब.बाट सदस्य एवं अभिभावक सुरक्षण कोष र पुर्ण क्षति विपत्ति कोषबापत सदस्यले तिर्नुपर्ने शुल्कलाई हटाईएकोछ भने उक्त कोषहरुबाट सदस्यहरुलाई दिने सुविधा वित्तीय सस्थाको ग्राहक संरक्षणकोषबाट दिने गरी सदस्यको सुविधालाई निरन्तरता दिईएकोछ ।
- सदस्यहरुलाई निशुल्क रुपमा ३ दिनको आधारभुत तालिम एवं आवश्यकता अनुसार ५/७ दिनको व्यवसायिक तालिम दिई क्षमता अभिवृद्धि गरिएको छ भने १६ प्रतिशत ब्याजदरमा लघुउद्यमी विकास कर्जा उपलब्ध गराई सदस्यलाई लघुउद्यमी बन्न उत्प्रेरित गरिएको छ ।
- दुर्गम एवं पहाडि भेगमा लघुवित्त सेवा पुचाउने उद्देश्यले ४९८ जना स्थानिय सदस्यहरुलाई सहयोगी सदस्य/ डिजिटल महिलाको रुपमा काम गर्ने अवसर दिई प्रत्यक्ष रोजगारी समेत प्रदान गरिएको छ ।
- सदस्यहरुले आफुले उत्पादन गरेको वस्तुहरु बिक्रि गर्न एवं आफुहरुलाई आवश्यक उपभोग्य समानहरु खरीद गर्ने उद्देश्यले संचालन गरेको विक्रि केन्द्रहरुमा वित्तीय संस्थाले ऋण एवं प्राविधिक सहयोग उपलब्ध गराउँदै आएकोछ ।
- हरेक बर्ष झैं यस बर्ष पनि सबै शाखाहरुमा बार्षिक ईकाई भेला तथा अभिभावक भेला गरी सदस्य तथा अभिभावकहरुको वित्तीय संस्था प्रतिको गुनासो एवं सुझाव संकलन गर्ने कार्य सम्पन्न गरीएकोछ । साथै आवश्यकता अनुसार प्राप्त गुनासा एवं सुझावहरुलाई समेटि नीति नियममा परिमार्जन गरिने छ ।
- सदस्य एवं अभिभावकहरुलाई वित्तीय साक्षरता सम्बन्धि ज्ञान दिने उद्देश्यले चालु आ.व. बाट प्रत्येक शाखाले कम्तिमा २ वटा वित्तीय साक्षरता सम्बन्धि तालिम संचालन गर्ने लक्ष्यका साथ २० जना कर्मचारी खटाईएको छ । यस आ.व.को अन्तसम्ममा करीब ३५ हजार सदस्य तथा अभिभावकलाई वित्तीय साक्षरता सम्बन्धी ज्ञान दिईनेछ ।
- अवसर फाउण्डेशनसँगको सहकार्यमा ताप्लेजुङ्ग, दोलखा, कैलाली, सिराहा, नवलपरासी र कपिलबस्तु जिल्ला अर्न्तगत रहेका यस वित्तीय संस्थाका शाखा कार्यालयहरु माफर्त विपन्न सदस्यहरुलाई आर्थिक टेवा पुऱ्याउने उद्देश्यले उनीहरुले लिएको पहिलो कर्जाको व्याज छुटको व्यवस्था गरिएको छ ।
- वित्तीय संस्थाले नेपाल बिमक संघ, नेपाल लघुवित्त बैकर्स संघ र युके एड सक्षमको सहकार्यमा संचालित लघुविमाको सेवा

सदस्यहरुलाई प्रदान गर्दै आईरहेको छ । जस अर्न्तगत सदस्यहरुले गार्हस्थ बीमा, व्यक्तिगत दुर्घटना बीमा, स्वास्थ्य बीमा, लघु व्यवसाय बीमा, गम्भिर प्रकृतिका रोग बीमा र पशुधन बीमाबाट लाभ लिईरहेका छन ।

**(११) भावि कार्यक्रम :**

- हाल वित्तीय संस्थाले सदस्य एवं उनीहरुका अभिभावकहरुलाई व्यवसायिक तालिम दिदैं आएको एवं यस्ता तालिमहरुले सदस्यहरुलाई लघुउद्यमि बन्न उत्प्रेरित गरेकोले व्यवसायिक तालिमलाई विविधिकरण गरी सदस्यको व्यवसाय प्रर्वद्धन गर्ने खालका कार्यक्रमहरु ल्याईने छ ।
- हाल लघुवित्त क्षेत्रमा प्रमुख समस्याको रुपमा रहेको सदस्य दोहोरोपना (Duplication) एवं सदस्य छोड्ने दर (Dropout Rate) लाई कम गर्न वित्तीय संस्थाले छिमेकमा मात्र बस्ने सदस्यकोलागि विषेश सुविधाहरु दिने गरेकोमा आवश्यकता अनुसार यसमा क्रमशः वृध्दि गर्दै लगिने छ ।
- यस वित्तीय संस्थाले खडा गरेको ग्राहक संरक्षण कोष (Client Protection fund) बाट सदस्यहरुको सामुहिक हित हुने कार्य, सदस्यहरुको व्यवसायको प्रवर्र्दन,ग्राहकहरुको शिक्षा र क्षमता विकास तथा समस्यामा परेका ऋणीहरुको व्यवसायको सुरक्षण एवं पुनर्स्थापना गर्ने कार्यमा खर्च गरिनेछ ।
- वित्तीय संस्थाले आगामि दिनमा संभव भए सम्म आफ्ना सबै कारोबारलाई Digitized गर्दै लैजाने लक्ष्य लिएको छ । कर्मचारी/ सहयोगी सदस्य एवं ग्राहकहरुलाई प्रविधिसगँ अभ्यस्त बनाई उत्पादकत्वमा वृद्धि हुने कार्यलाई विषेश प्राथमिकता दिईनेछ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परे नपरेको :**

आदरणीय शेयरधनी महानुभावहरु, यस वित्तीय संस्था प्रति सदस्यहरुले देखाएको सदभाव, सहयोग एवं विश्वासका कारण आजसम्म कुनै गम्भिर समस्या व्यहोर्नु परेको छैन । तर नियमनकारी निकायबाट हुने नीतिगत परिवर्तन, दैवि विपत्ती लगायत लघुवित्त संस्थाहरुको संख्यात्मक बृद्धिका कारण बढ्दो अस्वस्थ प्रतिस्पर्धाका कारण ग्राहक सदस्यहरुको व्यवशायमा वृद्धि हुनुको साटो ऋणको भार बढि हुन गई खराव कर्जा बढन सक्ने जोखिम देखिएको छ । तर वित्तीय संस्थाले सदस्यहरुको माग र आवश्यकता बमोजिम समय सापेक्ष उचित निर्णय एवं कार्यक्रमहरुमा परिमार्जन गर्दै लगेका कारण खराव कर्जाको गुणस्तरमा सुधार आउनुको साथै फिल्डमा तथा कार्यक्रममा खासै असर परेको छैन् ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**

यो प्रतिवेदन तयार पार्दासम्मको वित्तीय संस्थाको आर्थिक स्थितीको झलक गत वर्षको तुलनामा निम्न अनुसार भएको व्यहोरा अनुरोध गर्दछु ।

| विवरण | २०७४ फाल्गुण मसान्तसम्मको | २०७५ फाल्गुण मसान्तसम्मको |
|---|---|---|
| सदस्य संख्या | ३ लाख ४३ हजार २ सय ९७ | ३ लाख ६४ हजार ९ सय ६८ |
| निक्षेप | १०अर्ब ५८ करोड ०४ लाख २१ हजार ४९ | १३ अर्ब ५९ करोड २९ लाख ३६ हजार २ सय १८ |
| कुल लगानीमा रहेको कर्जा | १५ अर्ब २३ करोड २४ लाख ९४ हजार १४ | १८ अर्ब ६५ करोड ०१ लाख ५२ हजार १ सय २६ |
| कुलव्याज तथा अन्य आम्दानी | १ अर्व ७८ करोड ५५ लाख ३० हजार ३ सय २० | २ अर्ब ५१ करोड ९९ लाख ३४ हजार ५ सय १३ |
| कुलखर्च | १ अर्व ३० करोड १७लाख २६ हजार ८ सय २० | १ अर्ब ६२ करोड २१ लाख ८२ हजार ५५ |
| संचालन नाफा | ४८ करोड ३८ लाख ०३ हजार ५ सय | ८९ करोड ७७लाख ५२ हजार ४ सय ५७ |

माथिउल्लेख गरीए अनुसारको शिर्षकमा गतवर्ष र चालु वर्षको यसै अवधिमा देखिएको प्रगतीमाथि संचालक समितिको धारणा सन्तोषजनक रहेको छ ।

**(घ) व्यवस्थापन तथा व्यावसायिक सम्बन्ध :**

यस वित्तीय संस्थाको कारोवार गर्ने शिलसिलामा सम्वद्ध सबै क्षेत्रहरुसँग सौहाद्रपुर्ण सम्बन्ध रहँदै आएको छ । वित्तीय संस्थाले स्थापित गरेका नैतिक मूल्यमान्यतालाई आधार मान्दै अगाडि बढेकाले यस वित्तीय संस्थाको व्यवस्थापन र कर्मचारीहरु विचको सम्बन्ध सुमधुर रहेको छ । जसले गर्दा वित्तीय संस्थाले आफुलाई लघुवित्त क्षेत्रकै एक अग्रणी संस्थाको रुपमा पहिचान दिलाउन सफल भएको छ । साथै समय समयमा सम्बन्धित ऐन कानून तथा नियमनकारी निकायहरुबाट प्राप्त हुने निर्देशनहरुको पालनाबाट सस्था झन् बलियो हुर्दै गईरहेको छ । आगामी दिनमा समेत संस्थागत सुशासन एवं व्यवसायिक सम्बन्ध विस्तारमा वित्तीय संस्था प्रतिबद्ध रहेको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

समिक्षा वर्षमा संचालक समितिमा स्वतन्त्र संचालकको रुपमा प्रतिनिधित्व गर्दै आउनु भएका संचलक श्री हरि कृष्ण पन्तज्यूको

कार्यकाल समाप्त भएकाले रिक्त स्थानमा श्रीमती रिता पन्तज्यू स्वतन्त्र संचालकमा नियुक्त हुनु भएकाले संचालक समितिको तर्फबाट वहाँलाई स्वागत गर्दै सफल कार्यकालको कामना गर्दछु। संचालक श्री हरि कृष्ण पन्त ज्यूलाई पनि आफ्नो कार्यकालमा पुऱ्याउनु भएको योगदानको उच्च मुल्याङ्कन गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु।

चालु आ.व.मा छिमेक समाज सेवा संस्थाका तर्फबाट प्रतिनिधित्व गर्दै आउनु भएकी संचालक एवं समितिको अध्यक्ष श्रीमती भुवनेश्वरी पन्तज्यूले आफ्नो स्वास्थ्यका कारण संचालक पदबाट राजिनामा दिनु भएको र वहाँको स्थानमा संस्थापक समुह अन्तर्गत निजी क्षेत्रका व्यक्तिहरुको आपसी सहमतीबाट प्रतिनिधित्व गर्दै श्रीमती रेणु कार्किज्यू नियुक्त हुनु भएको छ। वित्तीय सस्थाको रिक्त भएको संचालक समितिको अध्यक्षमा श्री विश्वमित्र श्रेष्ठज्यू चयन हुनुभएको छ। संचालक समितिको तर्फबाट वहाँहरुलाई हार्दिक स्वागत गर्दै सफल कार्यकालको कामना गर्दछु। साथै, श्रीमती भुवनेश्वरी पन्तज्यूले वित्तीय सस्थाको स्थापनाकाल देखि नै नेतृत्व प्रदान गरी आजको अवस्था सम्म ल्याउन पुऱ्याउनु भएको योगदानको उच्च मुल्याङ्कन गर्दै हार्दिक आभार व्यक्त गर्दछु। त्यस्तै चालु आ.ब.मा नबिल बैकं लिमिटेडबाट प्रतिनिधित्व गर्नुहुने संचालक श्री ज्ञानेन्द्र प्रताप शाहज्यूको कार्यकाल समाप्त भई सोहि बैकंबाट चयन भई आउनु भएका श्री मनोज कुमार यादवज्यू संचालकमा नियुक्त हुनुभएकोले वहाँको सफल कार्यकालको कामना गर्दै पूर्व संचालक श्री ज्ञानेन्द्र प्रताप शाहज्यूको योगदानको उच्च मुल्याङ्कन गर्दै हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**(च) लेखापरीक्षण समिति र सो समितिले गरेका काम कारवाहीको विवरण :**

यस वित्तीय संस्थाको लेखापरिक्षण समितिमा समिक्षा वर्षमा संचालक श्री ज्ञानेन्द्र प्रताप साहज्यूको संयोजकत्वमा वित्तीय संस्थाका विभागिय प्रमुखहरु श्री निकेश अधिकारी र श्री दिपक पाण्डे सदस्य रहनु भएको छ। यस समितिका संयोजकलाई मात्र संचालक समिति सदस्य सरह बैठक भत्ता उपलब्ध गराउने गरिएको छ। आन्तरिक लेखा परिक्षणका लागि ८ जना कर्मचारीहरुको व्यवस्था गरि प्रत्येक शाखामा बार्षिक रुपमा कम्तिमा २ पटक लेखापरिक्षण कार्य सम्पन्न गरी लेखापरिक्षण प्रतिवेदन समितिका संयोजकलाई बुझाउँदछ। बार्षिक रुपमा कम्तिमा ४ पटक समितिको बैठक बसि उक्त प्रतिवेदनमा देखिएको कैफियतहरुको बारेमा छलफल गरी संचालक समितिलाई सुझाव दिने गर्दछ। यसरी वित्तीय संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारिता अभिवृद्धि गर्न आन्तरीक नीति नियम एवं नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा अन्य प्रचलित व्यवस्था बमोजिम कामहरु भए नभएको हेरी लेखापरीक्षण समितिले सुधारात्मक कारवाहीको लागि व्यवस्थापनलाई निर्देशन दिने तथा संचालक समिति समक्ष सुझाव पेश गर्ने गर्दछ।

संयोजक श्री ज्ञानेन्द्र प्रताप साहज्यूको संचालक पदावधि समाप्त भए पश्चात् संचालक श्री मनोज कुमार यादवज्यू लेखापरीक्षण समितिको संयोजकमा चयन हुनुभएकोछ।

**(छ) अन्य समिति/उपसमिति र सो को काम कारवाहीको विवरण :**

(१) **कर्मचारी सेवा सुविधा समिति :** यस वित्तीय सस्थाको कर्मचारी सेवा सुविधा समितिमा गैर कार्यकारी संचालक श्री ऋषि राज जोशीज्यूको संयोजकत्वमा संचालक श्री कर्ण बहादूर घलेज्यू र श्रीमति रीता पन्त एवं मानव ससांधन विभाग प्रमुख चोलराज शर्मा र लेखा विभाग प्रमुख विश्वनाथ सिग्देल सदस्य रहनु भएको छ। यस समितिका संयोजक तथा संचालक सदस्यलाई संचालक समिति सदस्य सरह बैठक भत्ता उपलब्ध गराउने गरिएको छ। यस समितिको बैठक आवश्यकता अनुसार वस्ने गरेको छ। यस समितिले संस्थाको पारिश्रमिक निर्धारण नीति तर्जुमा गर्न संचालक समितिलाई सहयोग गर्ने तथा पारिश्रमिक निर्धारण नीति वमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नुपर्ने देखिएमा सो को आधारहरु सहित संचालक समितिमा सिफारिस गर्ने, जनशक्ति व्यवस्थापन सम्वन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ती, पदस्थापन, सरुवा, वढुवा आदिको मापदण्डहरु तयार गरि संचालक समिति समक्ष पेश गर्ने तथा नेपाल राष्ट्र बैंकबाट यस समितिले गर्ने भनि तोकिएका कार्यहरु गर्ने गर्दछ।

(२) **जोखिम व्यवस्थापन समिति :** यस वित्तीय सस्थाको जोखिम व्यवस्थापन समितिमा गैर कार्यकारी संचालक श्री कर्ण बहादुर घलेज्यूको संयोजकत्वमा संचालक श्री ज्ञानेन्द्र प्रताप साहज्यू र संचालक श्री ऋषि राज जोशीज्यू एवं जोखिम व्यवस्थापन विभाग प्रमुख दिलिप कुमार श्रेष्ठ र लेखा विभाग प्रमुख विश्वनाथ सिग्देल सदस्य रहनु भएको छ। यस समितिका संयोजक तथा संचालक सदस्यलाई संचालक समिति सदस्य सरह बैठक भत्ता उपलब्ध गराउने गरिएको छ। यस समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक वस्ने गरेको छ। यस समितिले विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्वन्धमा संचालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासको लागि सुझाव दिने, व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम वहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति आदिको सम्वन्धमा संचालक समितिमा सुझाव पेश गर्ने, जोखिम सम्पत्ति अनुसार पुँजिको पर्याप्तता, तरलताको स्थिति, व्याजदर परिवर्तनवाट पर्नसक्ने जोखिम, तथा अन्य जोखिमहरुको नियमिति रुपमा छलफल तथा विश्लेषण गरि संचालक समितिलाई आवश्यक राय तथा सुझाव दिने तथा नेपाल राष्ट्र बैंकबाट यस समितिले गर्ने भनि तोकिएका कार्यहरु गर्ने गर्दछ। संचालक श्री ज्ञानेन्द्र प्रताप साहज्यूको पदावधि समाप्त भए पश्चात् संचालक श्री मनोज कुमार यादवज्यू जोखिम व्यवस्थापन समितिको सदस्यमा चयन हुनुभएको छ।

(३) **सम्पत्ति शुद्धीकरण अनुगमन समिति :** यस वित्तीय सस्थाको सम्पत्ती शुद्धीकरण अनुगमन समितिमा गैर कार्यकारी संचालक श्री रिता पन्तज्यूको संयोजकत्वमा संचालक श्री कर्ण वहादुर घलेज्यू एवं लेखा विभाग प्रमुख विश्वनाथ सिग्देल सदस्य रहनु भएको छ। यस समितिका संयोजक तथा संचालक सदस्यलाई संचालक समिति सदस्य सरह बैठक भत्ता उपलब्ध गराउने गरिएको छ।

यस समितिको बैठक आवश्यकता अनुसार वस्ने गरेको छ । यस समितिले सम्पत्ति शुद्धिकरण सम्वन्धि अनुगमन गर्ने तथा नेपाल राष्ट्र बैंकबाट यस समितिले गर्ने भनि तोकिएका कार्यहरु गर्ने गर्दछ ।

**(ज) कारोबारलाई असर पार्ने मुख्य कुराहरू:**

यस वित्तीय संस्थाको कारोवारलाई मुख्य गरी निम्नलिखित कुराहरुले असर पार्ने देखिन्छ । यस्तो असरहरुबाट बचेर वित्तीय संस्थालाई प्रभावकारी ढंगबाट अगाडी बढाउन हामी प्रयत्नशिल छौं ।

- मुल्य वृद्धि, मौद्रिक तथा वित्तीय नीति लगायत अप्रत्याशित रुपमाहुने नीतिगत परिर्वतन एवं निर्देशनबाट समस्या श्रृजना हुनसक्ने, राजनैतिक प्रभाव तथा भड्कावका कारण कर्मचारी एवं सदस्यमा विचलन आई संस्थालाई नकारात्मक असर पर्नसक्ने देखिन्छ,
- लघुवित्त संस्थाहरुको सख्यात्मक वृद्धि सँगै देखिएको अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरु धेरै संस्थामा बसि क्षमता भन्दा बढि कर्जा चलाउने (Multiple Borrowing) प्रवृत्ति, पुराना कर्मचारीको बहिर्गमनले गर्दा असर पर्ने देखिन्छ ।
- बाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाबाट थोक रुपमा उपलब्ध हुँदै आएको विपन्न वर्ग कर्जाको व्याजदरमा हुने उतार चढावले पनि वित्तीय संस्थाको लागतमा असर पर्ने गरेको छ ।

**(झ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :** आ.व.२०७१/७२ मा नियुक्त हुनुभएका लेखापरिक्षक श्री सुन्दर मान श्रेष्ठ (सुन्दर एण्ड कम्पनी) ले लेखापरिक्षण गर्नु भएको छ । यस प्रतिवेदनका साथ संलग्न लेखापरीक्षण प्रतिवेदन र लेखा विवरणहरुले वित्तीय संस्थाको यथार्थ स्थितीको चित्रण गरेको छ । लेखापरीक्षकको प्रतिवेदन माथि संचालक समितिको तर्फबाट कुनै उल्लेख्य टिप्पणी रहेको छैन ।

**(ञ) लाभांश (मुनाफा) बाँडफाँड गर्न सिफारिस गरिएको रकम :** विगत वर्षहरु झैं यस वर्ष पनि शेयरधनी महानुभावहरुलाई आ.व २०७४/०७५ को मुनाफाबाट वित्तीय संस्थाको हाल कायम चुक्ता पूँजीमा २२ प्रतिशतका दरले नगद लाभांश (वोनश शेयरमा लाग्ने कर सहित) र १८ प्रतिशतका दरले वोनश शेयर प्रदान गर्ने प्रस्ताव गरि शेयरधनीहरुको प्रतिफलको अपेक्षालाई यस वर्ष पनि पुरा गरिएको छ । आगामी वर्षहरुमा पनि यहाँहरु सबैको सहयोगबाट यसलाई निरन्तरता दिनसक्ने कुरामा म आशावादी छु ।

**(ट) आन्तरिक नियन्त्रण प्रणाली र सोको विस्तृत विवरण :** वित्तीय संस्थामा सुशासन कायम गरी स्वचालित ढंगले संचालन गर्न विभिन्न आन्तरीक नियन्त्रण प्रणाली अवलम्बन गरिएको छ । त्यसका लागि नियमित अनुगमन, आन्तरिक लेखापरिक्षण, प्रशासनिक नियन्त्रण, कम्प्युटरकृत अभिलेख प्रणाली, मासिक रुपमा कर्मचारीको स्व-मुल्यांकनको व्यवस्थाका साथै हरेक विषयमा मासिक लक्ष्य कायम गरि वार्षिक योजना तथा कार्यक्रमको व्यवस्था गरिएको छ । त्यसैगरी वित्तीय संस्था संचालनको लागि आवश्यक विभिन्न विनियम तथा निर्देशिकाहरु तयार गर्ने, आवश्यकतानुसार परिमार्जन गर्ने र सोही अनुरुप कार्य संचालन गर्ने गरिएकोछ ।

**(ठ) आभार प्रकट :**

आजको यस पुनित अवसरमा वित्तीय संस्थामा आबद्ध भई कारोबार गर्ने सम्पूर्ण सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । समयमै लेखापरिक्षण कार्य सम्पन्न गरी वित्तीय संस्थालाई आवश्यक सुझावहरु समेत दिने वाह्य लेखापरिक्षकलाई संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । यस वित्तीय संस्थालाई सफल तथा परिणाममुखी बनाउन सहयोग गर्नुहुने शुभचिन्तक, शेयरधनी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस वित्तीय संस्थाको अभिभावक संस्था छिमेक समाज सेवा संस्था, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्रबोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग लि., हिमालयन बैंक लिमिटेड, बैंक अफ काठमाण्डौ लिमिटेड, नविल बैक लिमिटेड, एनएमबि क्यापिटल लि., अन्य बैंक तथा वित्तीय संस्थाहरु, संघसंस्था तथा पत्रकार बन्धुहरु लगायत यस वित्तीय संस्थालाई प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पुर्णमा यस वित्तीय संस्थाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा, विशेष गरी शेयरधनी महानुभावहरुले हामी माथि दर्शाउनुभएको विश्वास, सहयोग र सद्भाव प्रति म सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पुनः सञ्चालक समिति तथा वित्तीय संस्था परिवारको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै, कार्यक्रमलाई जनस्तरसम्म लैजान पुलको रुपमा रही काम गर्नुहुने सम्पूर्ण कर्मचारीहरु तथा सहयोगी सदस्यहरुको अनुशासन, लगनशिलता र इमान्दारीताको पूनः स्मरण र प्रशंसा गर्दछु । यस वित्तीय संस्थालाई सर्वोत्कृष्ट बनाउनको लागि विगतमा झैं आउँदा दिनहरुमा पनि यहाँहरु सबै शुभचिन्तकहरुबाट अमुल्य सल्लाह सुझाव तथा शुभेच्छाको अपेक्षा गर्दै आउँदा दिनहरुलाई अझ उपलब्धिमूलक बनाउने प्रण सहित उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद,**

## संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने
## कम्पनी ऐन, २०६३ को दफा १०९ (४) संग सम्बन्धित अन्य थप विवरणहरु

**(१) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनु भन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरणः**

समिक्षा वर्षमा कुनै किसिमको शेयरहरु जफत गर्ने कार्य नभएको ।

**(२) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकनः**

यस वित्तीय संस्थाको कुनै पनि सहायक कम्पनी नभएको ।

**(३) आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

यस आर्थिक वर्षमा आधारभुत शेयरधनीहरुबाट वित्तीय संस्थालाई छुट्टै रुपमा कुनै जानकारी प्राप्त भएको छैन ।

**(४) विगत आर्थिक वर्षमा सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र शेयर कारोबारमा निजहरुको संलग्नताः**

**क. सञ्चालक समिति पदाधिकारी :**

| क्र.सं | नाम | पद | प्रतिनिधित्व | शेयर स्वामित्वकित्ता | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | श्री विश्व मित्र श्रेष्ठ | अध्यक्ष | सर्वसाधरण | १०९९० | ०.११ |
| २ | श्री अनुप मास्के | सदस्य | संस्थापक (हिमालयन बैंक लि.) | ११९८३०० | ११.९८ |
| ३ | श्री कर्ण वहादुर घले | सदस्य | सर्वसाधरण | २७६ | ०० |
| ४ | श्री ज्ञानेन्द्र प्रताप साह | सदस्य | संस्थापक (नविल बैंक लि.) | ११९८३०० | ११.९८ |
| ५ | श्री ऋषि राज जोशी | सदस्य | सर्वसाधरण | ८९७ | ०.०१ |
| ६ | श्रीमती रिता पन्त | सदस्य | स्वतन्त्र | – | – |
| ७ | श्रीमती रेणु कार्की | सदस्य | संस्थापक (निजीप्रवर्धक) | ३११४ | ०.०३ |

**ख. व्यवस्थापन पदाधिकारी :**

| क्र.सं. | कर्मचारीको नाम | हालको पद | शेयर स्वामित्वकित्ता | प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री रामचन्द्र जोशी | प्रमुख कार्यकारी अधिकृत | ३२१५७७ | ३.२२ |
| २ | श्रीमती शोभा मिश्र | ना.महाप्रबन्धक | २९९७८ | ०.३० |
| ३ | श्री चोलराज शर्मा | स.महाप्रबन्धक | २१८४५ | ०.२२ |
| ४ | श्री दिपक निधि तिवारी | ब.बिभागीय प्रमुख | ३१२७९ | ०.३१ |
| ५ | श्री दिलिप कुमार श्रेष्ठ | ब.बिभागीय प्रमुख | १०९ | ०० |
| ६ | श्री निकेश अधिकारी | बिभागीय प्रमुख | १०८२६ | ०.११ |
| ७ | श्री दिपक पाण्डे | बिभागीय प्रमुख | १०६३ | ०.०१ |
| ८ | श्री तारानाथ महतो | बिभागीय प्रमुख | ९९८८ | ०.१० |
| ९ | श्री विश्वनाथ सिग्देल | बिभागीय प्रमुख | ३७ | ०० |
| १० | श्री निरञ्जन महतो | बिभागीय प्रमुख | २३३९ | ०.०२ |
| ११ | श्री मेष बहादुर बस्नेत | बिभागीय प्रमुख | ५२० | ०.०१ |
| १२ | श्री बेदनाथ अधिकारी | बरिष्ठ अधिकृत | १४३५ | ०.०१ |
| १३ | श्री श्रीकृष्ण जोशी | बरिष्ठ अधिकृत | – | – |
| १४ | श्री लाल बहादुर यादव | बरिष्ठ अधिकृत | १६७० | ०.०१ |
| १५ | श्री रामनाथ महतो | बरिष्ठ अधिकृत | २४४२ | ०.०२ |
| १६ | श्री निरञ्जन अर्याल | बरिष्ठ अधिकृत | – | – |

वित्तीय संस्थाका संचालक एवं व्यवस्थापन पदाधिकारीहरुले वित्तीय संस्थाबाट निष्काशन गरिएको शेयर खरिद गर्ने र साधारण सभाबाट पारीत लाभांश ग्रहण गर्ने बाहेक शेयर कारोवारमा अन्य कुनै संलग्नता नभएको ।

**(५) विगत आर्थिक वर्षमा कम्पनीसँग कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको**

**जानकारीको व्यहोरा :**

विगत आर्थिक वर्षमा यस वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरुमा यस कम्पनीका कुनै संचालक तथा निजका नजिकको नातेदारको व्यक्तिगत स्वार्थ नरहेको ।

**(६) कम्पनीले आफ्नो शेयर आफैले खरिद गरे नगरेको, गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कितमूल्यः**

समिक्षा वर्षमा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

**(७) गत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

समीक्षा वर्षमा यस वित्तीय संस्थाको कुल व्यवस्थापन खर्च निम्नबमोजिम रु.६६ करोड ५४लाख ७६ हजार ३ सय ६२ रुपैया पैसा ०५मात्र रहेको छ ।

(क) कर्मचारी खर्च रु.५६३,०५८,४३४.७३

(ख) कार्यालय संचालन खर्च रु.१०२,४१७,९२७.३२

**(८) सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए नभएको :**

वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनीवा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी रहेको छैन । आधारभुत शेयरधनीका रुपमा रहेका संस्थागत शेयरधनीहरु मुख्य गरी हिमालयन बैंक लि., नविल बैंक लि., बैंक अफ काठमाण्डौ लि., बैंकिङ संस्था भएकोले ती संस्थासँग कर्जा कारोवार एवं नियमीत बैंकिंङ कारोवारको सन्दर्भमा लेनादेना बाँकी रहेको रकमबारे यसैसाथ संलग्न लेखापरीक्षण प्रतिवेदन र लेखा विवरणमा उल्लेख गरिएको छ ।

**(९) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

**(क) संचालक समितिसँग सम्वन्धित :**

| | | |
|---|---|---|
| बैठक भत्ता | : | अध्यक्ष रु.५,००० र संचालक रु.४,५०० प्रति बैठक |
| पत्रपत्रीका | : | अध्यक्षलाई रु.१,५०० मासिक र संचालकलाई रु.५०० मासिक |
| संचार खर्च | : | अध्यक्षलाई र.१,५०० मासिक र संचालकलाई रु.५०० मासिक |
| स्वदेश भ्रमणमा दैनिकभत्ता | : | अध्यक्ष एवं संचालकलाई दैनिक रु.३००० तथा वास्तवीक लागेको यातायात खर्च । |
| बिदेश भ्रमणमा दैनिक भत्ता | : | अध्यक्ष एवं संचालकलाई सार्क मुलुकका लागि दैनिक १०० डलर र अन्य मुलुकका लागि २५० डलरतथा वास्तविक लागेको यातायात खर्च । |

**(ख) कार्यकारी प्रमुख तथा व्यवस्थापकहरुको वार्षिक तलव, भत्ता तथा सुविधाहरु : (रु.हजारमा)**

| क्र.सं. | विवरण | कार्यकारी प्रमुख | अन्यकार्यकारी पदाधिकारी/व्यवस्थापक |
|---|---|---|---|
| १ | तलव | १,२९७ | ८७२२ |
| २ | भत्ता | ८०४ | ४६०३ |
| ३ | दशैंभत्ता | १८८ | १३०५ |
| ४ | संञ्चय कोष | १२९ | ८७२ |
| ५ | जम्मा संख्या | १ | १२ |

**(ग) कार्यकारी प्रमुख र व्यवस्थापकिय /प्रवन्धक स्तरका कर्मचारी पदाधिकारीहरुलाई तलव भत्ताको साथै निम्न सुविधाहरु दिईएको छ ।**

१. वोनस सम्वन्धमा : वोनस ऐन अनुसार

२. उपदान सम्वन्धमा : कर्मचारी सेवा विनीयमावलीमा व्यवस्था गरे अनुसार ।

३. कार्यकारी प्रमुखलाई औषधी उपचार वीमा वार्षिक रु.४००,००० वरावर तथा अन्य व्यवस्थापकिय/प्रवन्धकलाई वार्षिक रु.२००,००० वरावर र दुर्घटना विमा कार्यकारी प्रमुखलाई वार्षिक रु.२,५००,००० वरावर तथा अन्य व्यवस्थापकिय/प्रवन्धकलाई वाषिक रु.१,२५०,००० वरावर ।

**(१०) शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**

वित्तीय संस्थाले घोषणा गरेको लाभांश मध्ये आ.व.२०७४/७५ को अन्त्य सम्ममा शेयरधनीहरुले दावि नगरेको रकम रु.१५,९८६,१२९.२० तथा आ.व. २०७४/७५ को प्रस्तावित लाभांश रु.२२०,०००,०००.०० गरी कुल अवितरीत लाभांश रु.२३५,९८६,१२९.२० रहेको छ ।

**(११) कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु :** नभएको ।

**(१२) अन्य आवश्यक कुराहरु :** नभएको

**SUNDAR & CO.**
**Chartered Accountants**

Pulchowk ( Machagaa)
Lalitpur 20/8 Gha
P.O.B 3102 Kathmandu, Nepal

Phone # (977-1) 5521804/5529942
Fax : 977-1-5524804
Email: sundarmans@gmail.com

## छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडका शेयरधनी महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**वित्तीय विवरणमाथि प्रतिवेदन :**

| **खुद ब्याज आम्दानी** | **४०८,४१३,९५७** | **७१३,५६९,१३०** | **१,०४६,६०४,१२६** | **१,२४६,४१९,७७२** | **१,४९१,३३७,६४६** |
| कमिशन तथा अन्य सञ्चालन आम्दानी | ७५,५८५,१३४ | ११३,३४५,९५८ | १३६,३४९,९३० | १७७,२११,४६८ | २३२,८८३,९३९ |
| सटही घटवढ आम्दानी | - | - | - | - | - |
| **कूल सञ्चालन आम्दानी** | **४८३,९९९,०९१** | **८२६,९१५,०८८** | **१,१८२,९५४,०५६** | **१,४२३,६३१,२३९** | **१,७२४,२२१,५८५** |
| कर्मचारी खर्च | १८७,५४०,८०३ | २४१,२७८,५३६ | ३२६,०२९,६३६ | ३८५,०२६,४२९ | ५६३,०५८,४३५ |
| अन्य सञ्चालन खर्च | ७८,७७१,४६४ | १०५,९४९,०२८ | ८३,५५२,८३९ | ८८,३२७,९०९ | १०२,४१७,९२७ |
| सटही घटवढ नोक्सान | - | - | - | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | **२१७,६८६,८२४** | **४७९,६८७,५२४** | **७७३,३७१,५८१** | **९५०,२७६,९०१** | **१,०५८,७४५,२२३** |
| सम्भावित नोक्सानी व्यवस्थाहरु | १६,७७७,७१२ | २९,२६०,५४५ | ४६,१०५,९९२ | ६२,४१६,८७० | ६५,४८८,६३४ |
| **सञ्चालन मुनाफा** | **२००,९०९,११२** | **४५०,४२६,९७९** | **७२७,२६५,५८९** | **८८७,८६०,०३१** | **९९३,२५६,५८९** |
| गैर सञ्चालन आम्दानी/नोक्सान | ७१,८५८ | १,५२७,७३४ | ५८८,५३४ | २४,५७५,९६७ | ४५,०१७,७३१ |
| सम्भावित नोक्सानी ब्यबस्था बाट फिर्ता | १,३८६,५६४ | १,६३१,०६३ | २२,६३३,९५२ | ९,८१२,१२९ | १९,०२६,०२६ |
| **नियमित कारोवारवाट भएको मुनाफा** | **२०२,३६७,५३३** | **४५३,५८५,७७५** | **७५०,४८८,०७४** | **९२२,२४८,१२७** | **१,०५७,३००,३४६** |
| असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च | - | - | - | (९६९,०७०) | ९६,६६६ |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | **२०२,३६७,५३३** | **४५३,५८५,७७५** | **७५०,४८८,०७४** | **९२३,२१७,१९७** | **१,०५७,३९७,०१२** |
| कर्मचारी बोनस ब्यबस्था | १८,३९७,०४८ | ४१,२३५,०७० | ६८,२२६,१८९ | ८३,९२८,८३६ | ९६,१२७,००१ |
| आयकर व्यवस्था | ५४,९१०,६७२ | १२४,५११,३०७ | २१०,७५६,७०१ | २६३,४८०,३८० | २९४,६५९,०१२ |
| **खुद नाफा/नोक्सान** | **१२९,०५९,८१२** | **२८७,८३९,३९८** | **४७१,५०५,१८५** | **५७५,८०७,९८०** | **६६६,६१०,९९८** |

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड

वानेश्वर -३१, काठमाडौं

## विगत पाँच आर्थिक वर्षको संचालन झलक

| विवरण | इकाई | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
| **संस्थागत विवरण (Institutional Profile)** | | | | | | |
| जिल्ला | संख्या | ४० | ४७ | ५४ | ६२ | ६३ |
| गा.वि.स./नगरपालीका | संख्या | ९७६ | १०९४ | १२३९ | १,६१५ | ६५० |
| शाखा | संख्या | ७० | ८८ | ९५ | १२२ | १२८ |
| इकाई/केन्द्र | संख्या | १०४७८ | १२२६७ | १४१७७ | १६,६४२ | १८,९३७ |
| समुह | संख्या | ३८९७४ | ४७९२४ | ५७०१६ | ६८,५५३ | ७०,६२४ |
| **पहुँच (Outreach)** | | | | | | |
| सदस्य संख्या | संख्या | २०६९४१ | २४३४८२ | २७६२८२ | ३१३,५५७ | ३४७,८४९ |
| ऋणी संख्या | संख्या | १६२३९४ | १९३७३३ | २०८७०६ | २३३,६५७ | २५१,३७७ |
| कर्मचारी संख्या | संख्या | ४३७ | ४७३ | ५९२ | ६५७ | ६५२ |
| फिल्ड कर्मचारी संख्या | संख्या | २२० | २२४ | ३३२ | ३३७ | ३११ |
| **ऋणको विवरण (Loan Portfolio)** | | | | | | |
| हाल सम्मको ऋण लगानी | ने.रु. | २४,९९९,४९३,१०६ | ३६,९९९,२८०,२२६ | ५०,२०३,१९६,९८७ | ६७,७९७,९६३,२८५ | ९१,११८,८३४,०८७ |
| लगानीमा रहिरहेको ऋण | ने.रु. | ४,७८०,३००,४०२ | ७,६१४,११९,१४६ | ९,६८५,९४६,४८९ | १२,५१४,२०२,०१६ | १६,५८६,२५९,७७९ |
| **वचत विवरण (Deposit)** | | | | | | |
| हाल सम्मको वचत संकलन | ने.रु. | ७,६१६,८१५,२०१ | ११,३७५,८६५,००४ | ६,३१०,००६,१७१ | २१,९१४,३६१,३२६ | ८३,८६७,६५१,८४६ |
| वचत वाँकी | ने.रु. | ३,४८३,११२,०६४ | ४,९५६,७२०,१६० | ६,९२९,५३३,६५८ | ९,०६८,३११,३७८ | ११,९२९,६७१,५७८ |
| **ऋणको गुणस्तरियता (Loan Portfolio Quality)** | | | | | | |
| भाखा नाघेको ऋणहरु | प्रतिशत | ०.०३ | ०.०२ | ०.०५ | ०.०५ | ०.०९ |
| जोखिममा रहेको ऋण | प्रतिशत | ०.०३ | ०.०२ | ०.१० | ०.०९ | ०.११ |
| नोक्सान हुन सक्ने ऋण कोषको अनुपात | प्रतिशत | १.०३ | १.०२ | १.०५ | १.०५ | १.०८ |
| भुक्तानी दर | प्रतिशत | ९९.९९ | ९९.९९ | ९९.९९ | ९९.९९ | ९९.९८ |
| ऋण नोक्सान अनुपात | प्रतिशत | - | - | - | - | - |
| **सक्षमता तथा उत्पादकत्व (Efficiency & Productivity)** | | | | | | |
| प्रति फिल्ड कर्मचारी ईकाइ/केन्द्र संख्या | संख्या | ४८ | ५५ | ४३ | ४९ | ६१ |
| प्रति फिल्ड कर्मचारी सदस्य संख्या | संख्या | ९४१ | १०८७ | ८३२ | ९३० | १११८ |
| प्रति फिल्ड कर्मचारी ऋणी संख्या | संख्या | ७३८ | ८६५ | ६२९ | ६९३ | ८०८ |
| प्रति फिल्ड कर्मचारी लगानीमा रहेको ऋण | ने.रु. | २१,७२८,६३८ | ३३,९९१,६०३ | २९,१७४,५३८ | ३७,१३४,१३१ | ५३,३३२,०२५ |
| प्रति ऋणी लगानीमा रहिरहेको ऋण | ने.रु. | २९,४३६ | ३९,३०२ | ४६,४१० | ५३,५५८ | ६५,९८२ |
| ऋणको औषत आकार | ने.रु. | २०,८३० | २४,२६१ | २६,९५६ | २९,३४९ | ३४,०५५ |
| **आम्दानी खर्च विश्लेषण (Income Stetement Analysis)** | | | | | | |
| कुल संचालन खर्चको अनुपातमा वित्तीय खर्चको अनुपात | प्रतिशत | ५३.९४ | ५१.२० | ४८.९३ | ५३.६० | ६४.७० |
| कुल संचालन खर्चको अनुपातमा नोक्सान ऋण व्यवस्थाको अनुपात | प्रतिशत | २.१७ | २.६३ | ३.२१ | २.१४ | ३.१६ |
| कुल संचालन खर्चको अनुपातमा प्रशासनिक खर्चको अनुपात | प्रतिशत | ३४.४२ | ३१.२५ | २८.४७ | २४.९० | ३२.१४ |
| प्रंशासनिक खर्चको अनुपातमा नोक्सान ऋण व्यवस्थाको अनुपात | प्रतिशत | ६.३० | ८.४२ | ११.२६ | ८.५८ | ९.८४ |
| प्रंशासनिक खर्चको अनुपातमा कर्मचारी खर्चको अनुपात | प्रतिशत | ६८.४३ | ६७.३३ | ६७.६७ | ८०.३९ | ८४.५३ |
| कुल संचालन खर्चको अनुपातमा अन्य प्रशासनिक खर्चको अनुपात | प्रतिशत | १०.८६ | १०.२१ | ९.२१ | ४.८८ | ४.९७ |
| **मुनाफा अनुपात (Profitability Ratio)** | | | | | | |
| ऋणको प्रतिफल (Yield on Portfolio) | प्रतिशत | २०.८६ | २१.६१ | १९.५५ | १९.४३ | १७.३० |
| संचालन खर्च अनुपात (Operating Expenses Ratio) | प्रतिशत | १९.३५ | १७.९३ | १६.६३ | २०.५५ | १४.२३ |
| वित्तीय खर्च अनुपात (Financial Expenses Ratio) | प्रतिशत | १०.४४ | ९.१८ | ८.१४ | ११.०२ | ९.२१ |
| नोक्सान ऋण कोषको अनुपात (Loan Loss Provision Ratio) | प्रतिशत | ०.४२ | ०.४७ | ०.५३ | ०.४४ | ०.४५ |
| संचालन स्वसक्षमता (Operating Self-Sufficiency Ratio) | प्रतिशत | ११६.६८ | १२५.९० | १३२.७८ | १३०.३८ | १४३.९४ |

नेपाल राष्ट्र बैंक
लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।

पत्रसंख्या : ल.वि.प्र.सु.वि./गैर-स्थलगत/२०७५/७६

मिति : २०७६/०१/०३

श्री छिमेक लघुवित्त वित्तीय संस्था लि.,
मध्यबानेश्वर, काठमाण्डौं ।

विषयः आर्थिक वर्ष २०७४/७५ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।

महाशय,
यस बैंकको विशेष निरीक्षणबाट औल्याएका कैफियतहरुको आधारमा यस बैंकको सञ्चालक समितिको बैठक संख्या ३३/२०७५ मिति २०७५/०७/०६ बाट संस्थाले संकलन गरेको सुरक्षण वापत जम्मा भएको रकमबाट छिमेक समाज सेवा संस्थाले गरेका लगानीहरु छिमेक लघुवित्त वित्तीय संस्थाको नाममा फिर्ता ल्याई सो लगानीहरु विनिवेश नगरुन्जेल बोनस शेयर र नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत नगर्ने निर्णय भए बमोजिम यस विभागको पत्रसंख्या : ल.वि.प्र.सु.वि./गैर-स्थलगत/२०७५/७६ मिति २०७५/०९/१९ को पत्रानुसार त्यस संस्थाको आ.व. २०७४/७५ को मुनाफाबाट बोनस शेयर र नगद लाभांश वितरण गर्ने प्रस्ताव अस्वीकृत गरी वार्षिक साधारण सभा प्रयोजनार्थ वित्तीय विवरण प्रकाशन गर्न मात्र सहमति प्रदान गरिएकोमा विशेष निरीक्षणले औल्याएका कैफियतहरु सुधार गरी प्रस्तावित बोनस शेयर र नगद लाभांश समेत वितरण गर्ने स्वीकृतिका लागि त्यस संस्थाबाट माग भई आएको सन्दर्भमा त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक प्रतिवेदन र सो उपर व्यवस्थापनको प्रतिक्रिया, अन्तिम लेखापरीक्षण प्रतिवेदन, तथा लङ्गफर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैर-स्थलगत सुपरिवेक्षण गरी कैफियतहरु सुधारका लागि अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी यसपूर्व मिति २०७५/०९/१९ को पत्रबाट दिइएका देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशन तथा कार्यान्वयन गर्ने गरी आर्थिक वर्ष २०७४/७५ को वार्षिक साधारणसभा प्रयोजनको लागि वित्तीय विवरण प्रकाशन गर्न सहमति प्रदान गर्नुका साथै, आर्थिक वर्ष २०७४/७५ को खूद मुनाफाबाट संस्थाले प्रस्ताव गरेको चुक्ता पुँजी रु.१ अर्बको १८ प्रतिशतले हुने रु. १८,००,००,०००।- (अक्षरेपी अठाह्र करोड मात्र) बोनश शेयर र २२ प्रतिशतले हुने रकम रु. २२,००,००,०००।- (अक्षरेपी बाईस करोड मात्र) नगद लाभांश (कर सहित) वितरण सम्वन्धी प्रस्ताव संस्थाको साधारण सभाले स्वीकृत गरेपश्चात् वितरण गर्न निर्णयानुसार स्वीकृती प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**निर्देशनहरुः**

१. यस बैंकबाट "घ" वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७५ बुंदा नं. ४.१ (ज) अनुरुप खडा गरिएको ग्राहक संरक्षण कोष जस्तै सदस्यहरुबाट सोही प्रकृतिको सदस्य सुरक्षणकोषमा जम्मा हुने गरी कुनै रकम असुल नगर्नु हुन ।

२. शाखा कार्यालयहरुले तोकिएको सीमाभन्दा बढी नगद नराख्ने व्यवस्था मिलाउनु हुन ।

नेपाल राष्ट्र बैंक
लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

फोन नं.: ४४१२८२३
फ्याक्स नं.: ४४१२२२४
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।

३. भारित औषत खुद व्याजदर अन्तर गणना गर्दा कर्जा लगानीको व्याज, शेयर लगानीको प्रतिफल र सेवा शुल्क समेत समावेश गरेको देखिएकोले कर्जा लगानीमा लिएको औषत व्याजदर र निक्षेप तथा सापटीमा दिएको औषत व्याजदर मात्र समावेश गरी यथार्थ भारित औषत खुद व्याजदर कायम गर्नु हुन ।

४. यस बैंकबाट मिति २०७५/०५/१२ र १३ गते गरिएको विशेष निरीक्षण प्रतिवेदनको आधारमा मिति २०७५/०७/१३ मा दिइएको निर्देशनहरुको पूर्ण अनुपालना गर्नु हुन ।

५. विशेष निरीक्षण प्रतिवेदनमा औंल्याइएका कैफियतहरुको सम्वन्धमा भएको सुधार/प्रगति विवरण समेत वार्षिक प्रतिवेदनमा Disclose गर्नु हुन ।

६. संस्थाको आन्तरिक तथा बाह्य लेखापरीक्षणका साथै यस बैंकको स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औंल्याएका कैफियतहरु पुन: नदोहोरिने गरी सुधार गर्नु हुन ।

भवदीय,

(नारद कुमार पिया)
उप-निर्देशक

**बोधार्थ :**
१.नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
२. लघु वित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग,
कार्यान्वयन फाँट

कम्पनी दर्ता नं. : ८००/२०५८/५९ | ने..रा. बैंक ईजाजत नं.: : घ/३/२०६२/६३

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

**'ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार'**

च.नं ३१३/०७५/०७६

मिति : २०७६/०१/११

श्री नेपाल राष्ट्र बैंक,
लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग,
वालुवाटार, काठमाण्डौ ।

**विषय : वार्षिक वित्तीय विवरणहरु प्रकाशित गर्न स्वीकृती दिँदा प्राप्त भएका निर्देशनहरुको प्रतिउत्तर सम्बन्धमा ।**

यस वित्तीय संस्थालाई साधारण सभा प्रयोजनको लागि वार्षिक वित्तीय विवरणहरु प्रकाशनको स्विकृती प्रदान गर्नुभएकोमा हार्दिक धन्यवाद दिदैं तहाँबाट प्राप्त हुन आएका निर्देशनहरुको प्रतिउत्तर निम्नानुसार रहेको ब्योहोरा अनुरोध छ ।

**प्रमुख निर्देशन एवं प्रतिउत्तरहरु :**

(१) नेपाल राष्ट्र बैंकको निर्देशन पश्चात् "घ" वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७५ वुंदा नं. ४.१ (ज) अनुरुप खडा गरिएको ग्राहक संरक्षण कोष जस्तै सदस्यहरुवाट सोही प्रकृतिको सदस्य सुरक्षणकोषमा जम्मा हुने गरी कुनै रकम असुल गरिएको छैन ।

(२) तोकिएको सीमाभन्दा वढी नगद नराख्न सबै शाखा कार्यालयहरुलाई निर्देशन दिईसकिएको छ ।

(३) भारित औषत खुद व्याजदर अन्तर गणना गर्दा कर्जा लगानीमा लिएको औषत व्याजदर र निक्षेप तथा सापटीमा दिएको औषत व्याजदर मात्र समावेश गरी यथार्थ भारित औषत खुद व्याजदर कायम गरिने छ ।

(४) यस वैंकवाट मिति २०७५/०५/१२ र १३ गते गरिएको विशेष निरीक्षण प्रतिवेदनको आधारमा मिति २०७५/०७/१३ मा दिइएको निर्देशनहरुको पूर्ण रुपमा अनुपालना गरिसकिएको छ ।

(५) विशेष निरीक्षण प्रतिवेदनमा औल्याइएका कैफियतहरुको सम्वन्धमा भएको सुधार/प्रगति विवरण निम्न अनुसार Disclose गरिएको छ

**(क) मिति २०७५/०७/१३ को पत्र मार्फत् प्राप्त निर्देशनहरु तथा सो को पालना सम्बन्धमा :–**

**निर्देशन नं. १.** संस्थाले सदस्य/ऋृणी संरक्षण कोष बापत प्रति सदस्य मासिक रु.१ का दरले र कर्मचारीहरुबाट बार्षिक २ दिनको तलब छिमेक समाज सेवा सस्थामा जम्मा गर्ने उद्देश्यले सकंलन गर्ने कार्य तुरुन्त बन्द गर्नुहुन ।

**कार्यान्वयन :** यस सम्बन्धमा मिति २०७५/०७/१३ को लिखित निर्देशन आउनु अगावै मिति २०७५ साल आश्विन २ गते मङ्गलबारका दिन बसेको यस वित्तिय संस्थाको संचालक समितिको २१४औं बैठकको निर्णय बमोजिम उक्त रकम सकंलन गर्ने कार्य तत्काले बन्द गरिएको ।

**निर्देशन नं. २.**सदस्य संरक्षण कोष बापतको रकम छिमेक समाज सेवा सस्थामा पठाउने कार्य तुरुन्त बन्द गर्नुहुन ।

**कार्यान्वयनः** यस सम्बन्धमा मिति २०७५/०७/१३ को लिखित निर्देशन आउनु अगावै यस वित्तीय संस्थाको मिति २०७५ साल आश्विन २ गते बसेको संचालक समितिको २१४औं बैठकले बन्द गर्ने निर्णय गरि कार्यान्वयन गरिएको ।

**निर्देशन नं. ३.** हालसम्म छिमेक समाज सेवा संस्थामा के कति रकम कुन कुन शाखाबाट प्रवाह भएको हो सो को विवरण संकलन गरी बैंक स्टेटमेन्ट सहित १५ दिनभित्र यस बैंकमा पेश गर्नुहुन ।

**कार्यान्वयन :** उक्त विवरणहरु यस वित्तीय संस्थाको मिति २०७५/०७/२८ गते च.नं. १२१/२०७५/०७६ को पत्रमा संलग्न गरि नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागमा पेश गरिएको ।

**निर्देशन नं. ४.** छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडले सुरक्षण बापत संकलन गरेको रकमबाट छिमेक समाज सेवा संस्थाको नाममा सिर्जना हुन आएका सम्पूर्ण सम्पत्ति तत्कालै छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडमा फिर्ता ल्याई १५ दिन भित्र जानकारी गराउनुहुन ।

कम्पनी दर्ता नं. : ८००/२०५८/५९ ने..रा. बैंक ईजाजत नं.: : घ/३/२०६२/६३

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
# CHHIMEK LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको ईजाजतपत्र प्राप्त संस्था)

**'ग्रामिण विकासको आधार लघुवित्तको गुणात्मक विस्तार'**

**कार्यान्वयन :** यस वित्तीय संस्थाको सुरक्षण बापत संकलन गरेको रकमबाट छिमेक समाज सेवा संस्थाको नाममा सिर्जना हुन आएका सम्पूर्ण सम्पत्तिहरु यस वित्तीय संस्थामा फिर्ता ल्याई नेपाल राष्ट्र बैंकलाई जानकारी गराईसकिएको ।

**(ख) मिति २०७५/१०/१७ को पत्र मार्फत् प्राप्त निर्देशनहरुको पालना सम्बन्धमा :**

(क) यस वित्तीय संस्थाको विभिन्न शीर्षक अन्तरगतका कोषहरुबाट छिमेक समाज सेवा संस्थामा हस्तान्तरण भएको सम्पूर्ण रकम र त्यसबाट आर्जित ब्याज तथा अन्य आम्दानीहरु तथा अन्य संपुर्ण सम्पत्तीहरु ग्राहक संरक्षण कोषमा जम्मा गरिसकिएको ।

(ख) छिमेक समाज सेवा सस्थाको नाममा छिमेक लघुवित्त वित्तीय सस्था लिमिटेडबाट हस्तान्तरण भएको सुरक्षण कोष बापतका सम्पूर्ण बैंक खाताहरु बन्द गरि उक्त खाताहरुमा रहेको बैंक मौज्दात यस वित्तीय संस्थाको ग्राहक संरक्षण कोषमा रकमान्तर गरिसकिएको ।

(ग) छिमेक समाज सेवा संस्थाबाट यस वित्तीय संस्थाको ग्राहक संरक्षण कोषमा हस्तान्तरण भई आएको रकममध्ये ग्राहक सदस्यहरुबाट संकलित रकम हाल यस वित्तीय संस्थामा रहिरहेका सदस्यहरुको स्वेच्छिक वचत खातामा रकम फिर्ता गरिसकिएको छ । साथै, यस अघि वित्तीय संस्था छोडेर गईसकेका सदस्यहरुको हकमा भने सम्बन्धित शाखा कार्यालयहरुमा सूचना टाँस गरी एवं संभव भएसम्म सम्बन्धित सदस्यको घर ठेगाना पत्ता लगाई क्रमशः फिर्ता दिने कार्य भईरहेको ।

(६) संस्थाको आन्तरिक तथा वाह्य लेखापरीक्षणका साथै त्यस वैंकको स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदनमा औल्याएका कैफियतहरु सुधार गरिने छ ।

**बोधार्थ :**
श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तिय संस्था नियमन विभाग,
वालुवाटार, काठमाण्डौ ।

भवदीय,
**रामचन्द्र जोशी**
प्रमुख कार्यकारी अधिकृत

यस वित्तीय संस्थाको प्रबन्धक पत्र तथा नियमावलीमा आवश्यक संशोधनका लागी १७औं वार्षिक साधारण सभामा प्रस्तावित संशोधनहरु

**प्रबन्धपत्रमा प्रस्तावित संशोधनहरु :**

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **१. दफा ५. वित्तिय संस्थाको पूँजीको संरचना :** वित्तिय संस्थाको अधिकृत पूँजीको अंक, पूँजी संरचना र विभिन्न प्रकारको शेयर संख्या देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी पूँजी रु.१,०००००००००/- (अक्षरुपी एक अर्व रुपैंया मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु.१,०००००००००/- (अक्षरुपी एक अर्व रुपैंया मात्र) हुनेछ । | **१. दफा ५. वित्तीय संस्थाको पूँजीको संरचना :** वित्तीय संस्थाको अधिकृत पूँजीको अंक, पूँजी संरचना र विभिन्न प्रकारको शेयर संख्या देहाय बमोजिम हुनेछ :-<br>(ख) वित्तीय संस्थाको तत्काल जारी पूँजी रु.१,१८,०००००००/- (अक्षरेपी एक अर्व अठार करोड रुपैंया मात्र) हुनेछ ।<br>(ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु.१,१८,०००००००/- (अक्षरेपी एक अर्व रुपैंया मात्र) हुनेछ । | वित्तीय संस्थाले वोनश शेयर जारि गरे पश्चात पुंजी बृद्धि भएकोले |

**नियमावलीमा प्रस्तावित संशोधनहरु :**

| साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| **१. नियम ३१. सञ्चालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था :**<br>(ख) समितिको बैठकमा उपस्थित भए वापत समितिको अध्यक्षलाई रु.५०००/-, संचालकलाई रु.४५००/- बैठक भत्ता उपलब्ध हुनेछ ।<br>**(ग) (इ) स्वदेश भ्रमणमा दैनिक भत्ता** : अध्यक्ष एवं सञ्चालकलाई रु.३०००।- तथा वास्तविक लागेको यातायात खर्च । | **१. नियम ३१. सञ्चालकको पारिश्रमिक र भत्ता सम्बन्धी व्यवस्था :**<br>(ख) समितिको बैठकमा उपस्थित भए वापत समितिको अध्यक्षलाई रु.५०००/-, संचालकलाई रु.४५००/- बैठक भत्ता उपलब्ध हुनेछ । साथै, कुनै संचालक अन्य आन्तरिक समिति/उपसमितिमा संयोजक वा सदस्य भई सो उपसमितिको बैठकमा उपस्थित भए वापत संचालक सरह बैठक भत्ता उपलब्ध हुनेछ ।<br>**(ग) (इ) स्वदेश भ्रमणमा दैनिक भत्ता तथा अन्य खर्च** : अध्यक्ष एवं सञ्चालकलाई वित्तीय संस्थाको काममा भ्रमण गर्दा दैनिक रु.२२००।- तथा वास्तविक लागेको यातायात तथा लज खर्च । | नेपाल राष्ट्र बैंकको सुझाव अनुसार बैठक भत्ता मिलाईएको |

# स्वावलम्वी सिता



सुन्दर नगरी पोखराको रामवजारमा ३ आना घडेरीमा वनेको चिटिक्क परेको एकतले ढलान घर छ, संगै ३ आनामा वनेको टिनले छाएको अर्को घर पनि छ । भाडामा लिएको जग्गामा वनेको गोठमा छन् रहर लाग्दा ९ वटा भैसी २ वटा गाई र ७ पाडा, वाछाहरु छन् । भाडामा लिएको ४ रोपनी जग्गामा मौसमी वेमौसमी तरकारी लटरम्म फलेका छन् । गाईवस्तुको हेरचाह र तरकारी खेतीका लागी दुईजना कामदार पनि छन् । यो सवै सम्पती र व्यवसाय सिता देवी वरालको मेहनतको फल हो । तर हिजो वहाँको अवस्था आजको जस्तो थिएन, धेरै कष्टपुर्ण थिए ति दिनहरु ।

सिता देवी वरालको जन्म वि.सं.२०२९ साल मंशिर ५ गते कास्की जिल्लाको भरतपोखरी वडा नं. ३ मा पिता इन्द्र प्रसादको घरमा भएको थियो । वुवाका ७ जना छोराछोरीमा माइली सिताको वाल्यकाल सामान्य अवस्थामा नै वित्यो । वुवाको घरमा खान लाउनको कमि थिएन । औपचारिक पढाई भने ९ कक्षासम्म मात्र भयो ।

२०४७ सालमा विवाह वन्धनमा वाँधिनुभयो सिता देवी वराल । परिवारको आर्थिक अवस्था एकदमै कमजोर थियो । शुरुका केही समय त दुःख कष्ट जसो तसो गुजारा चल्यो तर केही समय पछि भविष्यको कल्पनाले वहाँलाई सताउन थाल्यो । भविष्यलाई उज्यालो वनाउन त्यसै हात बाँधेर हुदैन भनेर वहाँको परिवार पोखरा वजारमा झर्‍यो र भाडाको घरमा वस्न थाल्नुभयो । हातमा सिप अनि राम्रो शिक्षा नभएकाले वहाँले सजिलो कुनै काम पाउने कुरै भएन । आफ्नो घरव्यवहार चलाउनका लागी जे काम पाइन्छ त्यही काम गर्न थाल्नुभयो । समय क्रम वित्दै जाादा वहाँका ४ सन्तान पनि भैसकेका थिए । एकपटक छोरा विरामी पर्दा एक सय रुपैया सापट खोज्दा पनि छिमेकी र आफन्तवाट नपाएको वहाँ भावुक हुदै सम्झनुहुन्छ । धनसम्पत्ती विना कति गाह्रो छ यो संसारमा वाच्न, पैसा नहुदा नातागोता, साथीसंगती कोही पनि काम लाग्ने रहेनछ । सन्तानको लालनपालनको लागी वहाँले केही समय ज्याला मजदुरी गर्नुभयो । कामको खोजिमा वहाँले कुखुरा फार्म, स्कुलमा पियनको काम पनि गर्नुभयो । यि सवै कामवाट जीवन त जसो तसो चल्यो तर भविष्य भने अझै अन्धकार नै थियो । अरुले आफैले गाई भैसी पालेर दुध वेचेर परिवार चलाएको देख्दा आफुलाई पनि त्यस्तै गर्न पाएपनि हुन्थ्यो जस्तो लाग्थ्यो । तर आफ्नो आम्दानीले दैनिक गर्जो टार्न समेत धौ धौ परेको थियो कसरी किन्नु गाई भैसी । आफन्त, चिनेजानेका संग सरसापट गरि किन्ने सोच पनि आयो तर कस्ले पत्याउने ! छरछिमेकमा ऋण लिएर चलाउ भने पनि कस्ले पत्याउने फेरि दिए पनि व्याज सयकडा पाँचको ब्याज र सावाँ एकमुष्ठ तिर्नुपर्ने सुन्दा नै अत्यास लाग्ने । आफ्नो भन्दा पनि वहाँलाई आफ्ना सन्तानको भविष्यको चिन्ताले दिनहुँ सताइ रहन्थ्यो ।

"चोखोमनले चिताएको कुरा भगवानले पुऱ्याउछन्" भनेझै भयो सिताको जीवनमा । २०६६ साल मंसिरको एकदिन छिमेकी दिदी लक्ष्मी गौतमले छिमेक विकास वैंकको वारेमा सुनाउनुभयो । ऋण पनि पाइने किस्ता किस्ता तिर्न मिल्ने भनेपछि सिता औधि खुसि हुनभयो र तुरुन्तै दश जना छिमेकी दिदी वहिनी मिली समुह तालिममा सहभागी हुनुभयो । २०६६ मंसिर १६ गते ईकाई नं.४० ९१.०२.१ सदस्य वन्न पाउदा एकदमै खुसि हुनुभयो । पहिलो पटक भैसी पालनका लागी रु.१५ हजार ऋण लिनुभयो । सो ऋणमा आफुसँग भएको र आफन्तसँग लिएको रकम थप गरि भैसि किन्नुभयो । दैनिक ६ लिटर दुध ग्राहकका घरघरमा लगेर विक्री गर्न

थाल्नुभयो । त्यसवाट आएको रकमले किस्ता तिर्न र घरखर्च गर्न पनि सजिलो भयो ।

दोश्रो, तेश्रो पटक लिएको ऋण पनि भैसीपालनमा नै लगाउनु भयो । अनुशासन ऋण, साधारण ऋण, स्पेशल ऋण लिएर पशुपालनमा नै लगाउनुभयो । भैसीको स्याहार गरि वचेको समयको सदुपयोग गरि आय वढाउन तरकारी खेतीको लागी ऋण लिनुभयो । आफुले गरेको व्यवसाय सफल भएपछि अझ हौसला वढ्दै गयो र तरकारी खेती र पशुपालनलाई नै विस्तार गर्दै जानुभयो । व्यवसाय विस्तार संगै ऋण रकम पनि वढाउदै लानुभयो । २०७३ सालमा लघुउद्यमी विकास ऋण ३ लाख लिएर गाई भैसीको संख्या ७ वटा पुऱ्याउनु भयो । आम्दानी वढे संगै व्यवसाय वढ्दै गयो र रामवजारमा दुईवटा घर पनि वनाउन सफल हुनुभयो । विगत ९ वर्षमा पटक पटक गरि सोह्रपटक ऋण लिएर आफ्नो व्यवसायलाई आजको अवस्थामा ल्याउनुभएको हो । "मेरो परिश्रम देखेर मलाई आवश्यक परेको वखत छिमेकले ऋण उपलव्ध गराएर मजदुरवाट मालिक वनाउन ठुलो सहयोग गरेको छ । यस वित्तीय संस्थाले लगाएको गुन म कहिल्यै विर्सने छैन ।" भावुक हुदै भन्नुहुन्छ ।

वहाँ आफु मात्र उद्यमी हुनुभएको छैन वैदेशिक रोजगारीमा रहनुभएका श्रीमान हरि प्रसाद वराललाई स्वदेशमै फिर्ता वोलाउनु भयो । ड्राइभरको लाइसेन्स लिने सल्लाह गरि टयाक्सी चालक वन्नुभयो । हाल वहाँ आफ्नै टयाक्सी चलाएर खुसीसाथ घरपरिवारलाई सहयोग गरिरहनु भएको । "एकजनाको कमाईले परिवार पाल्न मात्र सकिन्छ तर दुवैजनाको कमाई भयो भने भविष्यलाई समेत सुनिश्चित गर्न सकिन्छ, मेरो परिवारलाई उद्यमी वनाउन छिमेकले ठुलो सहयोग गरेको छ ।" हरि प्रसाद वराल खुसी हुदै भन्नुहुन्छ ।

जेठो छोरा स्नातक तहमा पढ्दै छन् अरु छोराछोरी पनि पढ्दै छन् । हाल वहाँको दुध व्यवासायवाट मासिक १ लाख २० हजार आम्दानी गर्नुहुन्छ । अहिले भाडामा दिएको आफ्नै घरमा डेरी संचालन गर्ने वहाँको योजना छ । तरकारी खेतीवाट वार्षिक ५०/६० हजार आम्दानी हुन्छ । यसै वर्ष टनेल वनाएर तरकारी खेतीलाई अझ व्यवस्थित गर्ने अर्को योजना पनि छ । आफु वाचुन्जेल छिमेक लघुवित्तको सदस्य भैरहने वहाँको भित्री इच्छा छ । "वुढेसकालको सहारा पेन्सन वचत छदैछ, अहिले रु.१ हजारको पेन्सन छ अव २ हजार थपेर ३ हजारको वनाउछु । मेरो यो सफलतामा छिमेक लघुवित्तको ठुलो योगदान छ म हृदयदेखि नै छिमेक र त्यसमा कार्यरत कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु" सिता देवी वराल खुसी हुदै भन्नुहुन्छ ।

प्रस्तुतकर्ता : **जीवन लामिछाने**
शाखा प्रवन्धक,पोखरा शाखा



# छिमेकको साथले केरा बारी जस्तै हरियाली भयो मेरो जिवन

चितवन जिल्लाको दक्षिणी भेगमा अवस्थित भरतपुर देखी झण्डै ७ किलोमिटर दक्षिणी भागमा अवस्थित छ यो गाऊँ । यो गाँउमा तामाङ समुदायको वाहुल्यता रहेको छ । यस समुदायमा शिक्षा दिक्षाको कमी भएकोले होला रोजगारीका अवसरहरु न्युन प्राय रहेको छ। त्यसैले यस समुदायका महिलाहरुले केही सिप सिकेर आय आर्जन गर्न सकिन्छ की भनेर भौतारी रहेका धेरै तामाङ महिलाहरु मध्येकी एक हुन ईकाई नं २४७३ कि डोल्मा वमजन । उनिसँग भेटहुँदा निकै हर्षित मुद्रामा आफ्नो सफलताको कथा यसरी सुनाईन ।

चितवनको कालिका नगरपालीका वडा नं. १ हरियाली गाऊ, विकासका दृष्टिकोणले अन्य क्षेत्रभन्दा पिछडीएको क्षेत्र हो । यहाँको हरेक घरका पुरुषहरु खाडी मुलुकको रोजगारिका भरमा घर परिवार पालीरहेका छन । यो भन्दा अगाडीको पिँढी (बाऊ बाजे) को त झनै दयनिय अवस्था रहेको थियो । यो समाजमा तामाङ लगायत अन्य ब्रामाण, क्षेत्री, चौधरी जनजातीका मानिसहरुको बसोबास रहेको छ । तामाङ समुदायमा कम पढेलेखेका मान्छेहरु बढी छन र उनिहरु जहिले पनी पछाडी नै परेकाछन । जसमध्ये मेरो परिवार पनी एक हो । हाम्रो घरमा अहिले ४ जनाको परीवार छ । मेरो श्रीमान आज भन्दा ४ वर्ष पहीले खाडी मुलुकमा बस्नुहुन्थ्यो । परिवारको आम्दानी केही पनि थिएन । अर्काको काम गरेर दैनिकी चलाउने गर्थिऊ, हामी बुढाबुढी ।

एक दिनको कुरा हो, म अर्काको घरमा मजदुरी गरीरहेको थिए, सायद त्यो दिन म ढुङ्गा बोकीरहेको थिए, एक जना दिदी मेरो घरमा आएर बैंकको सेवा सुविधाहरु बारेमा भन्नु भयो । त्यस पछि मलाई पनि छिमेकको सदस्य बन्न उत्सुकता भयो र मिति २०७० साल भाद्रमा छिमेक बैंकको भरतपुर शाखाको सदस्य बन्ने अवसर पाए । त्यस वेला मेरो धेरै ऋण लिन सक्ने क्षमता पनि थिएन, आर्थिक स्थिती निकै नै कमजोर थियो । मेरो जग्गा जम्मा ५, ६ कट्ठा मात्रै थियो तर पानी लाग्दैन थियो । आम्दानीको स्रोत कमजोर थियो । जेनतेन छोराहरु पनि हुर्कीदै पढदै थिए । सदस्य बनेपछि थोरै थोरै कर्जा लिएर सानो किराना पसल सुरु गरे त्यसबाट सामान्य गुजारा टर्दै गयो । फेरि कर्जा लिएर आफुसँग भएको जमिनमा केरा खेतीमा लगानी गरे अनुभव बढ्दै गएपछि लगानी पनि बढाउदै गएर २५ कट्ठामा केरा खेती गर्न थाले । हालसम्म मैले छिमेकबाट पटक पटक गरि १२ पटक कर्जा लिएर किराना र यसै केरा खेति ब्यवशायमा लगानी गर्दै आएको छु । केरा खेतिमा गरेको लगानीबाट मलाई निकै राम्रो फाईदा हुदै आएको छ । यसले मेरो सारा दुःखहरु क्रमश दुर गर्दै लगे । मैले यस सम्बन्धमा प्राविधिक ज्ञान लिएर अझ बढि मुनाफा आर्जन गर्ने माध्यम खोजीरहेकी थिए । त्यसैक्रममा मिति २०७५ साल आसाढमा छिमेकले आफ्ना सदस्यहरुको लागी व्यवसायिक फलफुल खेती तालिम आयोजना गर्दै छ भन्ने खबर थाहा पाए, मेरो मनमा धेरै नै खुशी छायो । किनकी मैले पहीले पनी २५ कट्ठामा पुर्ण रुपमा प्राविधीक ज्ञान नभएर नै केरा खेती व्यवसाय गर्दै आईरहेको थिए । त्यसैले उक्त तालिम लिन म आफै जान्छु भनेर तालिममा भाग लिए । तालिम प्राप्त गरीसकेपछी सुख्खा जमिनमा पनी व्यवसायिक रुपमा केरा खेतीमा सफल भईन्छ भनेर ज्ञान पाएपछी उक्त ब्यवशाय बृद्धि गर्ने ईच्छाले हुटहुटी लगायो । यसरी व्यवसाय बढाउन मलाई अझ आत्मबल बढेर आयो र छिमेकबाट लघुउद्यमी विकास कर्जा स्वरुप



रु.३०००००।- लिएर वार्षिक ३० हजार भाडा दिने गरि थप १० कट्ठा जग्गा भाडामा लिई थप केराका विरुवाहरु रोपेकी छु । हाल केरा खेती फर्ममा ४ जनालाई मलजल, गोडमेल, काँटछाँट गरेवापत दैनिक ६००।- का दरले पैसा दिनेगरि रोजगार पनि दिएकी छु ।

हाल मेरो घरमा जेठो छोरा BBA प्रथम वर्षमा पढ्दै छ र कान्छो छोरा ९ कक्षामा पढदै छ । उनिहरुको स्कुलमा लाग्ने शुल्क, बैंकको किस्ता, बचत गरेर आफुलाई खान लगाउन राम्रो ब्यवस्था भएको छ । मैले मेरो श्रीमानलाई यही व्यवसाय मार्फत म्याजीक पनी किन्न लगाए हाल उहाँ म्याजीक चलाउनुहुन्छ । हाम्रो अघिल्लो सिजनमा मात्रै १० लाख जतिको केरा विक्री भएको थियो भने खर्च कटाएर खुद आम्दानी ८ लाख जति भएको थियो । यो आम्दानी विस्तारै बढ्ाउन सकिन्छ तर घट्दैन ।

म जस्तै अरु पनी दीदि बहिनीहरुले धेरै वित्तीय संस्थामा नबसी छिमेकमा मात्र बसेमा पाउने सेवा सुविधाहरु पनी धेरै हुन्छन र व्यवसायिक सिप मुलक तालिमहरु पनी पाउने रहेछ । अहिले म गोल्डेन सदस्य भएकी छु ।

यसरी व्यवसायिक रुपमा केरा खेती गरेपछी मलाई कसैको घरमा ऋण माग्न धाउन नपर्ने र समाजको अगाडी बोल्न सक्ने, समाजका सबै जना दिदि बहीनी हरुले पनी मान्य गन्यमा परेकी छु । पहीलेको जस्तो दुःख भएको छैन ।

मैले गरेको व्यवसाय देखेर मेरो छिमेकीहरु ५ जना दिदि बहिनी हरुले पनी सानो सानो क्षेत्रफलमा व्यवसायिक केरा खेती सुरु गर्नुभएको छ । केही प्राविधीक समस्या परेमा मलाई बोलाउनुहुन्छ । म उहाँहरुलाई केही रोग, किरा देखीएमा सिकाउने पनी गरेकी छु । हाल सबै जना मेरै उत्साहमा लागेर यसैमा रमाउन थालीसकेका छन । मलाई पहिलेको अवस्था सम्झंदा काहाली लागेर आउछ । आजकल मेरो परिवारमा खुशी छाएको छ, यसको कारण छिमेक लघुवित्त नै हो म यस बैंक र सर मेडमहरु सबै प्रति हृदय देखी नै आभार प्रकट गर्न चाहान्छु ।

**प्रस्तुत कर्ता :** सुर्य नारायण पुरी
कृषि प्राविधिक
छिमेक लघुवित्त वित्तीय संस्था

# रजनीको पल पलको साथी छिमेक




**"जीवन भावनामा होईन, यथार्थताको धरातलमा अडेको हुन्छ"** हो यस्तै यस्तै कटु सत्य छ, छिमेक लघुवित वित्तीय संस्था लि. शाखा कार्यालय खैरेनीटारकी इकाई नम्बर १५८०१.१.१ सदस्य **रजनी थापा**को ।

पिता जिवन बहादुर थापा र माता मन कुमारी थापाको कोखबाट तेस्रो सन्तानको रुपमा तनहुँ जिल्ला ढोरफिर्दी ५, भगवती पौवालाई जन्म थलो बनाई हाल शुक्लागण्डकी ७, तनहुँलाई कर्म थलो बनाउनु भएकी रजनी थापाको बाल्यकाल मध्यम तरिकाले बितेको थियो । वहाँको माईति घरमा बुवा, आमा, दिदी र भाई हुनुहुन्छ । रजनी परिवारको कान्छी छोरी भएकाले वहाँलाई मायाको कत्ति पनि कमि भएन तर पनि वहाँ मायामा पुलपुलिनु भएन । जस्तो फल उस्तै स्वाद भने जस्तै माईतीका बुवा आमा निकै इमान्दार र अनुशासित भएकाले रजनी लगायतका सम्पूर्ण परिवारका सदस्यहरु पनि निकै अनुशासित, लगनशिल र मर्यादित हुनुहुन्छ । छोराछोरीको भविष्यको चिन्ता र परिवारको सुखले कुन बुबालाई पिरोल्दैन र ? रजनीको बुवा आफ्ना परिवार तथा छोरा छोरीको सुनौलो भबिष्यका लागी कामको खोजिमा मुग्लान (भारत) भासिनु भयो । त्यहाँ वहाँले दिन रात नभनी हाडछाला घोटी छोरा छोरीको सुखद भविष्यको लागी परदेशको भूमिमा परिश्रम गरि परिवारको खानपिन र शिक्षा दिक्षाको लागि जसोतसो आय आर्जन गरि तिनै जना छोरा छोरीलाई S.L.C. सम्मको शिक्षा दिनु भयो । रजनीमा उच्च शिक्षा हाँसिल गर्ने चाहना भएकाले बुवा संग कुरा गर्नु भयो र कलेज भर्ना हुनुभयो । तर पढाइकै क्रममा वहाँको बिबाहको कुरा चल्यो । आनिबानी राम्रो भएको असल केटा भएकाले परिवारको सल्लाहमा २०५७ साल वैशाख १७ गते तनहुँ जिल्ला दुलेगौंडा गाबिस वार्ड नं. ३ निवासी शिव बहादुर थापा सँग लगनगाठो जुर्‍यो ।

माईतीमा खासै दुःख नगरेकी, बुवा आमाको काखकाखैमा हुर्की बढेकी एकै पटक व्यवहारमा पर्दा वहाँलाई जिम्मेवारीको ठुलो बोझले थिचे जस्तो महसुस भयो । रजनी परिवारको जेठी बुहारी भएकोले सासु ससुरा पछि सबै व्यवहार वहाँकै थाप्लोमा पर्‍यो । घरको दैनिक खर्च, नन्दहरुको पढाइको खर्च, समय अनुसारको चाडवाड आदीको खर्चले गर्दा परिवारमा १ जनाको कमाईले घर धान्न धौ धौ परेको सम्झदै भन्नुहुन्छ "जिवनमा त्यस्ता गाह्रा दिन पनि आउदा रहेछन ।" श्रीमानले २/३ महिनामा पठाइदिएको ८/१० हजार त कता जान्थ्यो कता । जीवनको यात्रा त धेरै लामो छ सधैं भरि यस्तो अभावको जीवन बाँचेर कतिन्जेल चल्नु ? भन्ने प्रश्नले वहाँलाई बारम्बर सताइरहृयो । समय बित्दै जादा छोराको जन्म भयो । घर परिवारको आर्थिक समस्या, आफ्ना प्राण प्रिय आफैसंग नहुनुको पिडा, छोराको भविष्यको चिन्ता आदीको कारणले जीवन नै अन्धकारमय लाग्न थाल्यो । हिजोसम्म माईतीमा हुदा भंगेरी जस्तै फुर्र फुर्र गर्ने चरी आज कुहीरोको काग बन्नु पर्दा प्रत्येक पल निस्सासिय झै लाग्न थाल्यो । वहाँ आफुलाई भन्नु हुन्छ साच्चै भन्नु पर्दा म मणि हराएको

नाग झैं भएको थिए । तर पनि सुखमा नमात्तिनु र दुःखमा नआत्तिनु भन्ने उक्ती सम्झदै र समस्याको पहाडलाई चिर्दै चुनौतीको सामना गर्दै अगाडी बढ्नु पर्छ भन्ने बाबाको घरमा सिकेको हुँदा केही गर्ने अठोट पलाएर आउथ्यो । रातभर अनेक तानाबाना बुनेर यसो गर्छु र उसो गर्छु भन्दै कैयौं रात छर्लङ्ग पारेको सम्झदा "आजकाल त दिउसै निन्द्रा लाग्छ" भनेर खित्का छोडेर हाँस्नु हुन्छ । अतितमा फर्कदै सुस्केरा हाल्दै भन्नुहुन्छ जे गर्ने सोच बनाए पनि सबैभन्दा बलवान त धन नै रहेछ । आफु संग धन नभए पछि ऋण गरेरै भए पनि केही गर्ने आँट लिएर अगाडि बढन खोज्दा वहाँलाई कसैले पत्याएनन् । "कठैबरा मेरो भाग्य म त दुई पैसोकि पनि रहेनछु । यी धनभएका साहुमहाजन, इस्टमित्र त धनका मात्र पो ठुला हुदा रहेछन मनका साह्रै दरिद्र । परेको बेला सबै कर्कलाको पातको पानी झैं तर्कने पो रहेछन । सबै कुरा आफुलाई परेपछि मात्र थाहा पाइने रहेछ ।"

यसरी नै समय बगेको खोलाझैं बगिरहेको थियो । केही गर्न खोज्दा हात गोडा बाँधिएर बस्नु परेको अवस्थामा छिमेकका सरहरु मेरा लागी साक्षात भगवान भएर २०६१ सालमा प्रकट हुनु भयो । छिमेकका सरले दिनुभएको तालिमका दिन सम्झदै भन्नु हुन्छ हामी समुहका साथीहरु यती धेरै खुशी थियौ कि बयान गरि साध्य छैन् । हामीले खोजेको सबै बचत, ऋण, बिमा, तालिम, रेमिटेन्स आदी विभिन्न सेवा सुबिधाहरु । आज, भोली र भविष्यको लागी आफु र सन्ततीलाई समेत रहेछ । मेरो बाँधिएको हातगोडा अब छिमेकले खोल्ने भयो भनेर म फुरुङ्ग थिए । यसै क्रममा श्रीमान पनि बिदेशबाट आउनु भयो । छिमेकको बारेमा सबै कुरा सुनाउदा वहाँ पनि खुशी हुनु भयो । यति राम्रो संस्थाको साथ पाए पछि तिमीले अब केही गर्नुपर्छ भनेर श्रीमानले थप हौसला दिनु भयो । तर पनि कहिल्यै ऋण नलिएको भएर ऋण लिन डर लाग्यो । लिएर किस्ता कसरी तिर्ने होला ? तिर्न नसकेर बेइज्जत हुने पो हो की ! भनेर मनमा अनेक कुराहरु खेलीरहन्थ्यो । ऋणको सदुपयोग गर्यो भने अवनति होइन उन्नती हुन्छ भन्ने बुझेकि मैले ऋण लिने अठोट गरे । साथै व्यवसायमा सफलता पाउन सानोबाट शुरु गर्नु पर्छ भन्ने घरसल्लाह भएको हुदा मैले रु.१०००० पशुपालन व्यवसायको लागी ऋण लिए । २ बर्ष सम्म मैले पशुपालनकै लागी सानो सानो ऋण लिएर व्यवसाय गरिरहेको बेलामा श्रीमान पनि बिदेश नर्फकने गरी आउनु भयो । व्यबसायबाट आएको आम्दानीको स्वाद चाखिसकेकी मैले श्रीमानको सल्लाह र सहयोगमा पशुपालन व्यवसाय संगै किराना पसल पनि गर्ने योजना बनाए । हाम्रो साथमा छिमेक भए पछि व्यवसाय गर्न पैसाको अभाव पनि थिएन । त्यस पछि मैले किराना पसलको लागी रु.४५,००० ऋण लिए । समयले कोल्टे फेर्दै गर्दा छोरी (प्रन्शिला) को जन्म भयो । हाम्रो खुशीको कुनै सिमा नै रहेन । बच्चा सानो भएकोले व्यवसायमा समय दिन नसक्ने हो की ? भनेर वहाँलाई चिन्तित बनाएको थियो तर सासु ससुराको माया र साथका कारण रजनीलाई बच्चा हुर्काउन त्यति गाऱ्हो महसुस भएन । किराना पसले सोचे जस्तो आम्दानी र परिवारको साथ पाए पछि पुनः १ लाख ५० हजार अनुशासन ऋण लिए । व्यापार अपार भएकाले मैले व्यवसाय बढाउनको लागी आजसम्म ७ पटकमा रु.११ लाख २५ हजार ऋण लिइसकेकि छु । यही ऋण लिएर गरेको व्यवसाय आज दुलेगौंडा बजारको सबैभन्दा ठुलो र व्यस्त होलसेल पसलमा दरिन पुगेकोछ । मैले रु.४५ हजार ऋण लिएर शुरु गरेको सानो किराना पसललाई होलसेल पसल बनाइसकेकी छु । रजनी थापा भन्नु हुन्छ,"मैले यो व्यवसाय साहु महाजनबाट चर्को ब्याजमा ऋण लिएर गरेको भए अवश्य पनि यो सफलता प्राप्त हुने थिएन होला । कसो कुन बेला मेरो भाग्य बलियो रहेछ छिमेक लघुवित्तको सदस्य बनें । मलाई निकै सजिलो भएको छ सस्तो ब्याज अनि किस्ता तिर्न सजिलो । यदि छिमेक लघुवित्त नभएको भए म यो सफलता प्राप्त गर्न असमर्थ हुने थिएँ ।" पसलको आम्दानीबाट ४ वर्ष पछि दुलेगौंडामा घडेरी समेत किन्न सफल हुनुभएछु । त्यहि खुशीमा रजनी थापा भन्नु हुन्छ, "मेरो जीवनकै सबै भन्दा खुशीको क्षण, छिमेकमा बसेर पटक पटक ऋण लिएर व्यवसाय गरि आफ्नै पौरखले दुलेगौंडा जस्तो शहरमा घर घडेरी जोड्न सफल हुनु, यसको श्रेय छिमेक लघुवित्तलाई नै जान्छ" । छोराछोरीको पढाइ पनि राम्रो छ । छोरालाई पोखराको राम्रो स्कुलमा भर्ना गर्नु भएको छ । भविष्यमा छोरीलाई पनि उतै भर्ना गर्ने सोच बनाउनु भएको छ । उनीहरुको भविष्यको लागी भनेर रु.२००० को पेन्सन बचत खोल्नु भएकोछ । अब चाडै नै रु.५००० को पेन्सन बचत खोल्छु भन्नुहुन्छ । आज भन्दा ५, ६ बर्ष अगाडिको क्षण सम्झदै भन्नु हुन्छ, मैले छोराछोरीलाई पढाउन समस्या परेको बेला छिमेकबाटै शिक्षा कर्जा लिएर समस्याको हल गरेको छु । आफुले गरेको प्रगती देखेर आफै दङ्ग पर्ने रजनी भन्नुहुन्छ गर्‍यो भने सबैको प्रगती हुन्छ । समुहको साथी लगायत अन्यको पनि मेरै जस्तो प्रगती होस भन्ने वहाँको चाहना छ । हाल बिना धितो ५ लाख ऋण लिएर होलसेल ब्यवशाय बढाएको छु ।

पुनः रजनी भन्नुहुन्छ "म जे छु, जहाँ छु र जस्तो छु त्यो छिमेकले गर्दा भएको हो । म छिमेक वित्तीय संस्थाको पलपलको साथले गर्दा नै मेरो जीवनमा यत्तिको परिर्वतन सम्भव भएको हो । पहिले पहिले आफ्नो घर,परिवार र छोराछोरीको भविष्यको चिन्ताले टोलाएर बस्ने अहिले बर्तमान र भविष्यको खुशी सम्झेर बसिरहेको छु । यस्तो गुणी संस्थालाई कहिल्यै पनि छोडने छैन । बिगतको अवस्थाबाट हालसम्मको अवस्था सम्म पुर्याउन मलाई साथ र सहयोग गर्नुहुने शाखाका कर्मचारी, सहयोगी सदस्य र इकाईका सम्पूर्ण सदस्य दिदी बहिनीहरुलाई हृदय देखी धन्यवाद ब्यक्त गर्दछु भन्नु हुन्छ ।

**प्रस्तोता : सन्तोष खनाल**
शाखा कार्यालय खैरेनीटार
छिमेक लघुवित वित्तीय संस्था लि

# प्रतिनिधि (प्रोक्सि) नियुक्त गर्ने निवेदनको फाराम

श्री  संचालक समिति,
छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
नयाँबानेश्वर, काठमाडौं।

महाशय,

.......................................जिल्ला ........................न.पा./गा.पा. ............ वडा नं बस्ने म/हामी.................................... ले त्यस वित्तिय संस्थाको शेयरवालाको हैसियतले २०.................. साल ............... महिना गते ............बारका दिन हुने साधारण सभामा स्वंय उास्थित भई छलफल तथा निर्णयमा सहभागी  हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागी ............................................. जिल्ला ..................... न.पा./गा.पा. ....................... वडा नं त्यस वित्तिय संस्थाका शेयरवाला श्री ........................................................... शेयर प्रमाणपत्र नं................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं।

शेयर प्रमाणपत्र नं

निवेदक

.........................

दस्तखत

कित्ता नं ...................... देखि .......................... सम्म

नामः
ठेगानाः
मितिः

द्रष्टब्यः यो निवेदन साधारण सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तिय संस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ। एकभन्दा बढी प्रतिनिधि (प्रोक्सि) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सि) फाराम  रद्द गरिनेछ।

छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड
नयाँबानेश्वर, काठमाडौंको
१७ औं बार्षिक साधारण सभामा उपस्थिति हुन जारी गरिएको

## प्रवेशपत्र

शेयरधनीको नाम ............................................. साधारण शेयर प्र.प.नं. .............................................................

शेयरधनीको सही ............................................. कुल शेयर संख्या .......................... शेयरधनी परिचय नं. ..................

.....................................
कम्पनी सचिव

(सभामा भाग लिन आउँदा यो प्रवेशपत्रमा शेयरधनीको नाम, दस्तखत, साधारण शेयरको प्र.प.नं., साधारण शेयरसंख्या तथा शेयरधनी परिचयपत्र नं. अनिवार्य रूपमा उल्लेख गरी साथै लिई आउनु पर्नेछ।)

# टिप्पणी



“दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन”मा विभिन्न शाखाहरूबाट सहभागी सदस्यहरूका साथ वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत।



माननीय अर्थमन्त्रि श्री युवराज खतिवडाज्युबाट सातौं राष्ट्रिय कर दिवस,२०७५ को उपलक्ष्यमा लघुवित्त क्षेत्रबाट उत्कृष्ट करदाताको सम्मान-पत्र यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृतलाई प्रदान गरिएको।



World HRD Congress ले आयोजना गरेको कार्यक्रममा Nepal Best Employer Brand Award 2018 को सम्मान ग्रहण गर्दै वित्तीय संस्थाका मानव संसाधन विभाग प्रमुख।



बसेरा होमस्टे सञ्चालनका लागि बेलचौर कैलालीका स्थानीयसंग वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत अन्य वरिष्ठ कर्मचारी अन्तरक्रिया कार्यक्रममा सहभागी।



दालमोठ बनाउने तालिममा दहियार शाखाका सहभागी सदस्यहरू।



काठमाण्डौंमा आयोजना गरिएको वित्तीय साक्षरता सम्बन्धि TOT Training मा सहभागी यस वित्तीय संस्थाका प्रशिक्षक र कर्मचारीहरू।



लाहान शाखाले आयोजना गरेको व्यवसायिक तरकारी खेति तालिममा सहभागी सदस्यहरू।



यस वित्तीय संस्था र UK Aid सक्षम परियोजनाले हसुलिया शाखामा आयोजना गरेको अभिभावक भेला तथा वित्तीय साक्षरता कार्यक्रममा उक्त शाखाका उत्कृष्ट इकाईका सदस्यका छोरीहरूलाई छात्रवृत्ति प्रदान।



सुनवल शाखाकी सदस्यले लघु उद्यमशील कर्जा लिई व्यवसायिक रुपमा गाई पालन गर्दै।



पोखरामा आयोजना गरिएको ट्याब्लेट बैंकिङ्ग तालिममा सहभागी सहयोगी सदस्यहरू।



UK Aid सक्षम परियोजना र यस वित्तीय संस्थाको सह-आयोजनामा कोहलपुरमा सञ्चालित ट्याब्लेट बैंकिङ्ग तालिममा सहभागी फिल्ड कर्मचारीहरू।



अर्घाखाँची शाखाकी सदस्यले यस वित्तीय संस्थाबाट लघु उद्यम विकास कर्जा लिई व्यवसायिक बाख्रापालन गर्दै।



दुहवी शाखाकी सहयोगी सदस्यद्वारा सुत्केरी सदस्यलाई सुत्केरी पोषण खर्च प्रदान गर्दै।



खैरेनीटार शाखाकी गोल्डेन सदस्यलाई ऋण चुक्ता पश्चात् इकाई प्रमुखद्वारा प्रोत्साहन रकम प्रदान गर्दै।



जनकपुर ‘क’ शाखामा आयोजना गरिएको वित्तीय साक्षरता सम्बन्धी कार्यक्रममा सहभागी सदस्य एवं अभिभावक तथा प्रशिक्षकहरू।



छिमेक लघुवित्त वित्तीय संस्थाको चितवन पिठुवामा निर्माण गरिएको प्लाष्टिक टनेलमा थोपा सिंचाई प्रविधिद्वारा सिंचाई गर्ने विषयमा आफ्ना सदस्यहरूलाई तालिम दिंदै।



बनेपा शाखाकी सदस्यले लघु उद्यमशील कर्जा लिई व्यवसायिक रुपमा टनेलमा टमाटर खेति गर्दै।



बुटवल क्षेत्रीय कार्यालयद्वारा आयोजित व्यवसायिक तरकारी खेति सम्बन्धी तालिममा सहभागी सदस्यहरूलाई अवलोकन भ्रमण गराउँदै प्रशिक्षक एवं प्रशिक्षार्थीहरू।

# छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेडले सेवा पुऱ्याएका जिल्लाहरू

